# परिच्छेद–एक

# परिचय

## १.१ पृष्ठभूमि

मानव सभ्यताको सुरुवातदेखि नै मानिसहरु एकले अर्कोलाई कुनै न कुनै रुपमा सिक्ने र सिकाउने प्रक्रिया निरन्तर रुपमा चलिआएको तथ्य हाम्रो सामु प्रस्ट नै छ । आफूले जानेको विषयलाई अर्कोमा जानी नजानी हस्तान्तरण गर्ने प्रक्रिया निरन्तर अनौपचारिक शिक्षाको रुपमो थालनी भएको पाउँछौँ । शुरु-शुरुमा आमाबावुबाट आफ्ना छोरा छोरीलाई आफूमा भएको सीप, कौशल, ज्ञान कुनै न कुनै रुपमा दिने चलन थियो । त्यसबेलाको शिक्षा आर्जन गर्ने प्रक्रिया संगठित नभएतापनि बाँच्नका लागि आधारभूत ज्ञान र सीपहरु लिने दिने प्रक्रिया थियो । घर परिवारबाट सुरु भएको शिक्षा सामुहिक रुपमा मठ, मन्दिर तथा धार्मिक संघ सस्थाहरुमा दिने प्रचलनको सुरुवात भयो । यसरी औपचारिक शिक्षाको थालनी भएता पनि त्यस समयमा कुनै औपचारिक पाठय्क्रम, उमेर, निर्धारित कक्षा, समय उल्लेख गरिएको थिएन । गुरुले जे र जहिले सिकाउँथे त्यसलाई शिष्यहरुले त्यही रुपमा ग्रहण गर्दथे ।

यसरी मानिसको आवाश्यकता र समयको माग सगै शिक्षामा पनि परिवर्तन र विकास गर्नु पर्ने वाध्यताको महसुस भयो । कसरी सीपमूलक, सबैलाई सहज हुने समयलाई पछ्याउने शिक्षा उपलब्ध गराउन सकिन्छ भन्ने विषयमा विभिन्न शिक्षाविद्हरुले शिक्षा समवन्धी अध्ययन अनुसन्धान गरे जसअनुरुप शिक्षामा पनि निश्चित पाठ्यक्रम, निश्चित उमेर, निश्चित समय, निश्चित स्थान, हुनु पर्दछ भन्ने मान्यतालाई अगाडि बढाउदै लगिएको छ । यसरी शिक्षामा हरेक पक्षको निश्चितता भएपनि सवैलाइ एकै प्रकारको सुहाउदो शिक्षा प्राप्त गर्ने अवसर भएन । मानवको विकास, क्षमता, समय, भौगोलिक अवस्था, परिवेश अनुसार विभिन्न देशहरुले आफ्नो देश अनुकूल सुनिश्चित गरेको पाउछौं ।

सामान्य भाषामा भन्नु पर्दा पूर्वप्राथमिक वा बालविकास केन्द्र भनेको प्राथमिक तहको उमेर (६–१०) वर्ष भन्दा सानो उमेरलाई चिनिन्छ अर्थात ६ वर्ष भन्दा सानो उमेर वा यस्ता बालवालिकालाई समेटेर शिक्षा प्रदान गर्ने उद्देश्यले निर्धारण गरिएको केन्द्रलाई बालविकास केन्द्र भनिन्छ (शर्मा,२०६४) ।

३–५ वर्ष सम्मका वालवालिकाहरुलाई प्रदान गरिने ज्ञान, सीप नै पूर्वप्राथमिक शिक्षा हो । यसलाई हाल विभिन्न नामले चिनिन्छ जस्तै नर्सरी, शिशु, के. जी., बालविकास केन्द्र वालशिक्षा जस्ता नामले चिनिन्छ । प्रारम्भिक वाल्य अवस्थालाई मानवीय क्षमता विकासको एक महत्वपूर्ण चरण मानिन्छ । यस अवस्थामा बालवालिकालाई उचित स्याहार–सुसार र शिक्षाको आवश्यकता पर्दछ । प्रारम्भिक वाल्य अवस्था विकास अन्तर्गत घर तथा समुदायमा बालवालिकाको हेरचाह, सामाजिकीकरण र शिक्षालाई अगाडि बढाउने खालका सेवाहरु समावेस भएका हुन्छन् जसले वालकको सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउछ । (शिक्षा विभाग,२०६१)

मानवविकासका सुरुका वर्षहरुदेखि नै उपयुक्त वातावरणको सिर्जना गर्न सकेमा बालवालिकाहरुलाई पूर्ण व्यक्तित्व विकास गर्न सजिलो हुन्छ भन्ने कुरा धेरै वर्ष पहिलेदेखि नै विभिन्न देशमा शिक्षाविद्हरुले सोच्ने गरेको पाइन्छ । तिनीहरुको भनाइ अनुसार शिक्षाको मूल उद्देश्य बालवालिकाहरुको क्षमता तथा जन्मजात प्रतिभाको विकास गर्नु साथै बालवालिकाहरुलाई दिने शिक्षा उनीहरुको विकास कमका आधारमा हुनु पर्दछ । प्रारम्भिक बाल शिक्षालाई विकास गर्ने क्रममा शिक्षाविद्हरु फ्रेडरिक फ्रोवेल(१८२७), मारीया मन्टेस्वरी (१८७०),को योगदानलाई महत्वपूर्ण मान्न सकिन्छ । ती शिक्षाविद्हरुको विचारलाई यहाँ संक्षेपमा प्रस्तुत गरिन्छ ।

सन १७८२ मा जर्मनीमा जन्मिएका फ्रेडरिक फ्रोवेलले जागिरको कममा वन रक्षकको सहायकको रुपमा काम गर्न थालेपछि शिक्षाको मूल प्राकृतिक वातावरण तथा जीवजन्तुको विष्लेषणात्मक अवलोकन गर्ने मौका पाए । त्यस वखत उनको मनमा प्रकृति प्रति गहिरो माया स्थापित हुन गयो । उनी धार्मिक प्रकृतिका थिए उनको विचारमा प्रकृतिमा पाइने विभिन्नताहरु इश्वरीय रचना हुन । यी रचनाहरु एक अर्कोमा आवद्ध हुन्छन् । यी विभिन्नताहरुको मूख्य स्रोत नै इश्वर हुन् । त्यसैले उनी भन्दछन (Unity in diversity and diversity in unity) एकतामा अनेकता र अनेकतामा एकता आवद्ध हुन्छ । पछि उनी विद्यालयमा शिक्षक भए र सोही विद्यालयमा आफ्नो विचार तथा नवीनतम् सिद्धान्तहरु प्रयोग गर्ने मौका पाए । उनले सन् १८२६ मा "The education of man" भन्ने पुस्तकमा शिक्षा सम्वन्धी विचार तथा सिद्धान्त प्रस्तुत गरेका थिए । फ्रोवेलले सन् १८२७ मा जर्मनको बैल्केनवर्गमा सर्वप्रथम किण्डरगार्टेन स्कुल खोले । किण्डर गार्टेन जर्मन शब्द हो । जसको अर्थ बालवालिकाको बगैचा हुन्छ ।

शिक्षकलाई माली र बालवालिकाहरुलाई विरुवाकोरुपमा तुलना गरेका छन । उनका अनुसार बालवालिकामा अन्तर्निहित मानविय गुणहरुको स्वच्छन्दपूर्वक विकास गर्नु नै शिक्षाको मुख्य उद्देष्य हो । उनको किण्डरगार्टेन शिक्षा प्रणालीमा पूर्व निश्चित पाठ्यक्रमको तर्जुमा नगरी वालकेन्द्रित अमूर्त पाठ्यक्रमलाई विशेष स्थान दिएको पाइन्छ भने उक्त शिक्षा प्रणालीमा खेल, गायन, कार्यकलाप शिक्षाको प्रमुख विधिहरु भएको पाइन्छ ।

सन १८७० मा इटलीमा जन्मिएका मारिया मण्टेश्वरीले विश्व विद्यालयका मानसिक चिकिसालयमा दूर्वल मानसिक स्थिति भएका बालवालिकाहरुको उपचार गर्दा गर्दै मानसिक दूर्वलता कारण ज्ञानेन्द्रियहरुको भद्दापन हो भन्ने कुरा पत्ता लगाएकी थिइन् । यस्ता दूर्वल मानसिक स्थितिका बालवालिकाहरुलाई नै सानै उमेरदेखी ज्ञानेन्द्रिययहरुको उचित तालिम दिएमा उनीहरुको बौद्धिक पक्षमा सकारात्मक विकास गर्न सकिने अवधारणा अनुसार उनले सन् १९०७ मा बालगृह नामक प्रारम्भिक मन्टेश्वरी शिक्षा प्रणालीका मुख्य उद्देश्य स्वतन्त्र वातावरणमा बालवालिकाहरुको ब्यक्तिवादी भावनाको विकासगर्नु हो । यसमा बाल केन्द्रित पाठ्यक्रम हुन्छ । बालवालिकाको ज्ञानेन्द्रियहरुलाई तालिम दिइ गरिने कियाकलापनै यस पद्धतिको प्रमूख शिक्षण विधि हो ।

## १. २ नेपालमा वालशिक्षाको विकास

जोशी (२०५४) का अनुसारआधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्वप्राथमिक शिक्षा सम्बन्धी औपचारिक थालनी सरकारी स्तरमा २००७ सालमा काठमाडौंमा मण्टेश्वरी स्कुलको स्थापनाबाट भएको मानिन्छ । वि.स. २०२० सालमा उक्त मण्टेश्वरी स्कुल तत्कालीन डेमोस्ट्रेसन स्कुलमा गाभेपछि विद्यालय उमेर नपुगेका स-साना बालवालिकाहरुका लागि २०२१ सालमा शिशुकक्षाको व्यवस्था गर्न खोजेको देखिन्छ । यस सन्दर्भमा २०२२ सालदेखि वालमन्दिरको स्थापना भई जिल्ला सदर- मुकाममा शिशु शिक्षा सम्वन्धी कार्यक्रमहरु संचालन भएको पाइन्छ । वि.स. २०२८ सालदेखि पूर्व प्राथमिक शिक्षा निजी क्षेत्रमा संचालन गर्ने सरकारी नीति स्पष्ट भयो ( जोशी,२०५४) ।

नेपालमा गठित विभिन्न समिति, आयोग तथा योजनाहरुले पनि पूर्व प्राथमिक शिक्षालाई परिभाषित गर्दै संचालनको लागि सुझाव प्रस्तुत गर्दै आएका छन् । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले तीन वर्ष ननाघेका बालवालिकाहरुलाई प्रत्येक टोल र गाँउमा एक एक वटा

मनोरञ्जन र खेलकुदको ब्यवस्था भएका बालउद्यान स्थापना गर्नु, पूर्वप्राथमिक विद्यालयको व्यवस्था गर्नु पर्ने सुझाव पेश गरेको थियो भने पूर्व प्राथमिक शिक्षाको औपचारिक परिभाषाको सन्दर्भमा शिक्षा ऐन २०२८ ले तीन वर्ष उमेर पुगेका तर पाँच वर्ष उमेर पूरा नगरेका बालवालिकाहरुलाई दिइने शिक्षालाई पूर्व प्राथमिक शिक्षाको रुपमा परिभाषित गरेको छ । यसैगरी शिक्षा आयोग २०४९ ले चार वर्ष पुगेका बालवालिकाहरुको चौतर्फी विकासलाई ध्यानमा राखी एक वर्षको पूर्व प्राथमिक शिक्षाको ब्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ । उच्च स्तरीय कार्यसमिति २०५८ को प्रतिवेदनले शिशुविकास कार्यक्रम दुई वर्षको हुनु पर्ने त्यस्तो कार्यक्रमको संचालन रेखदेख र ब्यवस्थापनको दायित्व गा.वि.स. वा नगरपालिकाको हुनु पर्ने र त्यसको लागि सरकारले एकमुस्ट रकम अनुदान दिनुपर्ने कुरा उल्लेख गरिएको छ (शर्मा, २०६१) ।

सन् १९९० मा थाइल्याडको जोम्टीनमा सबैका लागि शिक्षा विषयमा भएको विश्व सम्मेलन र बालवालिकाहरुको लागि संयुक्त राष्ट्रसघंमा भएको विश्व सम्मेलन १९९० ले प्रारम्भिक वाल्यअवस्था विकासका गतिविधिहरु विस्तार गर्नु पर्ने कुरामा जोड दिएपछि नेपालमा केहीमात्रामा भएपनि पूर्व प्राथमिक शिक्षा सम्वन्धी गतिविधिहरु विस्तार हुन थालेको छ (सेरिड,२०४९) ।

नेपालमा शिक्षामन्त्रालय अन्तरगत २०५६ सालदेखि शिशुकक्षा सम्वन्धी पाठ्यक्रम तर्जुमा गर्न थालिएको छ । उक्त पाठ्यक्रम २०४९ सालमा शिशु कक्षा ब्यवस्था नियमावलीद्धारा सु-ब्यवस्थित गर्ने प्रयास भयो । त्यसै अनुरुप समय समयमा पाठ्यक्रम विकास केन्द्रद्धारा शिक्षक तथा प्रधानाध्यापकलाई तालिम तथा गोष्ठीहरु आयोजना गर्ने गरेको पाइन्छ । यस्ता प्रयासहरु हुँदाहुँदै पनि नेपालमा सरकारी स्तरबाट पूर्व प्राथमिक शिक्षाको विकासको लागि धेरै योगदान हुन सकेको देखिदैन । तर धेरै जसो बालवालिकाहरु र वालशिक्षा सम्वन्धी कार्यक्रमहरु निजी क्षेत्रबाट संचालित छन् । जहाँ नर्सरी, के.जी., यू.के.जी. नामले प्रख्यात छन । यस्ता केन्द्रहरुमा बालवालिकाहरुको मनोविज्ञान बुझेर सिकाइ गर्नु भन्दा खाली किताबका भारी बोकाई र सुगा रटाईमा मात्र सिमित भएको पाउँछौ ।

यसरी नेपालमा केही वर्ष अगाडि देखि विभिन्न नाममा जस्तै नर्सरी शिक्षा, पूर्व प्राथमिक शिक्षा वालशिक्षा, किन्डरगार्टेन, वालमन्दिर आदि नाममा सरकारी र गैर सरकारी

क्षेत्रबाट सामान्य रुपमा संचालन हुदै आएको पाउछौ । तर योजनागत रुपमा नवौं योजनाले पूवप्राथमिक शिक्षा/वालविकास केन्द्रको स्थापना र चर्चा विशेष रुपमा गरेता पनि उल्लेखनीय उपलब्धी भने दे । दीर्घकालिन योजना अन्तर्गत दशौ योजना(२०५९-२०६४)मा कक्षा एक मा भर्ना हुने विद्यार्थी मध्ये ४०% बालवालिका केन्द्र वा पूर्व प्राथमिक कक्षाका सहभागी बाट आउने व्यवस्था मिलाउन बालविकास केन्द्र को संख्या १३,००० पुऱ्याउने, सवै प्राथमिक विद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई अभिमूखिकरण तालिम दिने, २ लाख ६६ हजार अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गर्ने साथै स्थानीय निकायहरुलाई बढी भन्दा बढी सक्रिय बनाई प्रत्येक सामुदायिक विद्यालयहरुमा स्थानीय स्रोतबाट एक पर्षे पूर्व प्राथमिक शिक्षा संचालन गर्ने लक्ष्य लिएको देखिन्छ (दशौं पञ्चवर्षिय योजना, २०५९-२०६४) ।

समुदायमा आधारित बालविकास केन्द्रहरुलाई कार्यक्रमका रुपमा निरन्तरता दिदै मागको आधारमा विस्तार गर्न प्रारम्भिक उमेर समूहका बालवालिकाहरुको पहुँच वृद्धि गर्न विद्यालयमा पनि एक वर्ष पूर्व प्राथमिक कार्यक्रम सञ्चालनमा ब्यापकता ल्याउने, पछाडि पारिएका जनजाति, महिला, मधेशी,लोपोन्मूख जाति एवम दलितहरु अवस्थित क्षेत्र पहिचान गरी समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र लाई एकीकृत कार्यक्रमसंग समायोजन गरी कार्यान्वयन गर्ने विशेष व्यवस्था गर्ने, स्थानीय निकायले विभिन्न सरकारी तथा गैर सरकारी निकायको सहयोगमा स्थानीय तहका सघं सरुथाहरु, आमा समूहहरु, यूवा समूह, उपभोक्ता समूह, वचत समूह, आदिलाई परिचालन गर्ने, ९,००० नयाँ पूर्व प्राथमिक शिक्षा/बालविकास केन्द्र स्थापना गर्ने, पछाडि पारिएका जनजाति, मधेशी, लोपन्मूख जनजाति एवम् दलित अवस्थित क्षेत्र पहिचान गरी समूदायमा आधारित ४,००० बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य लिएको देखिन्छ (तीनवर्षिय अन्तरिम योजना, २०६४/६७) ।

नयाँ नेपालको आधार शिक्षा सवैको मौलिक अधिकार भन्ने मूल नाराका साथ गत आर्थिक वर्षको संशोधित खर्चको तुलनामा ४४.५% ले वृदि गरी शिक्षा क्षेत्रको वजेट रु ३८ अर्व ९८ करोड प्रस्ताव गरिएको छ । चालु वर्षमा प्राथमिक शिक्षामा ९१% भन्दा वढी जनताको पहुँच पुग्ने गरी विगतका कार्यक्रमलाई निरन्तरता दिदै तिनलाई वढी समावेशी र लक्ष्य उन्मुख गराउदै अति पिछडिएका वर्गको लागि थप ३ हजार ५ सय वटा बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य वजेटमा लिइएको छ (आर्थिक वर्ष, २०६४/६५ वजेट) ।

यसरी सवैको चासोको विषयको रुपमा रहेको वालकक्षा वा पूर्व प्राथमिक कक्षावाट हामीले वढी भन्दा वढी उपलब्धी पाउनै पर्दछ । तर हाम्रो वालविकास केन्द्रहरुको अवस्था, समुदायको संलग्नता, उपल्लो कक्षामा विद्यार्थीको सिकाइ उपलब्धी आदि पक्षलाई नियाल्नु पर्ने र यहाँ देखिएको सत्य तथ्य  कुरालाई जनमानसमा ल्याई यसको विकासमा लाग्नु पर्ने खाँचो खड्किएको छ ।

## १.२ समस्याको कथन

बालविकास केन्द्र वा पूर्व प्राथमिक शिक्षाका वारेमा आयोगका विभिन्न प्रतिवेदनहरु र पञ्चवर्षिय योजनाहरुले यस सम्वन्धी विषयलाई चासोको रुपमा उठाई स्थापना र विकास गर्दै आजको यस अवस्थासम्म आइपुगेका छन् । बालविकास केन्द्रहरुले बालवालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग मिल्दछ । हाम्रा विद्यालयहरुमा प्राथमिक तहमा विद्यार्थीहरु अधिक मात्रामा अनुत्तीर्ण हुने, कक्षा छाड्ने, अनुपस्थिति हुने, विद्यालयको वातावरणमा समायोजन गर्न कठिनाई आदि पक्ष समस्याको रुपमा रहेको छ । सो पक्षलाई निराकरणगर्न बा.वि.केन्द्र सफल हुनु पर्दछ । बा.वि. केन्द्रको स्थापनाले मात्र सो पक्षलाई निराकरण गर्न सक्दैन आज हामी माझ विभिन्न नामले सरकारी र गैर सरकारी स्तरवाट विद्यालयमा आधारित र समुदायमा आधारित बा.वि. केन्द्रहरु स्थापना भएका छन् तर यस्ता केन्द्रहरु नाम मात्रका छन् । बा.वि.केन्द्रको भौतिक पक्ष, कक्षा कोठा व्यवस्थापन, खानेपानी, शौचालय, खेलमैदान, आदि पक्ष समस्याको रुपमा रहेको छ । त्यसैगरी शैक्षिक सामग्री, मनोरञ्जनका सामग्री, पाठ्पुस्तक, सहयोगी कार्यकर्तालाई तालिम, वालविकास केन्द्रमा नियमित अनुगमन र निरीक्षण, अभिभावक संलग्नता न्यून आदि पक्ष समस्याको रुपमा रहेको छ ।

सरकारी र गैरसरकारी क्षेत्रवाट लगानी वढाँउदै लगिएको यस अवस्थामा बा.वि.केन्द्रले बालवालिकाहरुको व्यवहार, विकास, र सिकाईमा सहयोग पुऱ्याउनु पर्दछ । बा.वि.केन्द्रमा देखिएका समस्याहरुलाई समाधान गर्न सके वालविकास केन्द्रले वालवालिकाहरुको सर्वपक्षीय विकासमा सहयोग पुऱ्याउँछ । तसर्थ वालविकास केन्द्रमा देखिएका समस्या पत्ता लगाउन यस विषयमा अध्ययन अनुसन्धान गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

बालवालिकाहरुको भविष्य सुनिश्चित गर्नको लागि उनीहरुको सर्वाङ्गीण पक्षको विकास गरिनु पर्दछ । कलिला बालवालिकाहरुको सामाजिक, शारीरिक, वौद्धिक र संवेगात्मक विकासमा एक पक्षको विकासलाई अर्को पक्षको विकासले सहयोग गरिरहेको हुन्छ । त्यसैले गर्दा बालवालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने तत्वहरु अभिभावक, समाज, शिक्षक, साथीहरु र विद्यालय पनि हो । बालवालिकाहरुको सवैपक्षको विकास हुन सकेन भने उनीहरुको विकासका अवस्थाहरुमा पछि पर्दछन् । त्यसमा पनि वातासरणसगको समायोजनको अवस्था अति नै संवेदनशील हुन्छ । हाम्रो प्राथमिक विद्यालय उमेर (६–१०) वर्ष निर्धारण गरिएको छ । अर्थात ५ वर्षको उमेर पूरा भएपछि मात्र विद्यालयमा प्रवेश पाउछन् । सो भन्दा अगाडिको उमेर पनि ज्यादै महत्वपूर्ण हुने हुदा बा.वि. केन्द्रको विकास हुदै आएको छ । आज अनेकौ नामले बा.वि. केन्द्रहरु स्थापना भएको छन् । भने नेपालमा पनि विभिन्न नामले सरकारी र गैर सरकारी तर्फबाट बा.वि. केन्द्र वा पूर्वप्राथमिक शिक्षाको स्थापना र विकास भएका छन् । यस क्षेत्रमा सरकारी र गैर सरकारी स्तरवाट लगानी बढाउदै लगिएको अवस्था छ । त्यसैगरी शिक्षा सवैका लागि भन्ने विश्वव्यापी मान्यता र बालविकास र वाल अधिकार सम्वन्धी घोषणा पत्रहरुले पनि बा.वि. केन्द्रको स्थापना र विकास गर्न घच्घच्याएको छ । बा.वि. केन्द्रले बालवालिकाको विकासमा सहयोग पुऱ्याए नपुऱ्याएको, वालवालिकाहरु विद्यालयको वातावरणमा समायोजन भए नभएका, शिक्षण सिकाई, नियमितता र उत्तिणदरमा अनकुल प्रभाव पारे नपारेको, अभिभावकहरुको वालविकास प्रतिको धारणा आदि जस्ता पक्षहरु अनुत्तरित रहेकाले यी पक्षहरुलाई समेटि अध्ययन गर्नु जरुरी देखिएको छ ।

यसरी बा.वि. केन्द्रलाई सरकारी, गैरसरकारी र समुदायिक क्षेत्रवाट लगानी लरिएको अवस्थामा लक्ष्य अनुरुप उपलब्धी हासिल हुन सके नसकोको, वालवालिकाहरुको व्यवहार, विकास, सिकाइ, वातावरण समायोजन, उपल्ला कक्षामा देखिएको उपलब्धी, बा.वि. केन्द्रमा देखिएको समस्याहरु, अभिभावकको धारणा आदि पक्षलाई खोजी गर्नु नै यस अनुसन्धानको आसय हो ।

शोध शीर्षक बालविकास केन्द्रले शिक्षण सिकाइमा पारेको प्रभाव अनुसन्धान पश्चात बा.वि. केन्द्र संग सरोकारवालाहरु सरकार, गैरसरकारी सँस्था, विद्यालय, बा.वि केन्द्र, सहयोगी

कार्यकर्ता, अभिभावक, यस विषयमा अध्ययन अनुसन्धान कर्ता आदि पक्षलाई आगामी दिनहरुमा बा.वि. केन्द्रको विकास गर्न सहज हुन्छ ।

बा.वि. केन्द्रको विषयमा अध्ययन अनुसन्धा नै नभएको भने होइन । इसिडि केन्द्र र समुदायविचको सम्वन्ध, वालविकास केन्द्रको व्यवस्थापन, वालविकास केन्द्रको पाठ्यक्रमको कार्यान्वयन, बालविकास केन्द्र र यसको वर्तमान अवस्था  आदि पक्षमा अध्ययन अनुसन्धान भएका छन् । मूलरुपमा बालविकास केन्द्रको कारणले कक्षा १ को शैक्षिक उपलब्धी, विद्यार्थीहरुको व्यवहारिक परिवर्तन, विद्यालयको वातावरण सँगको समायोजन, विद्यार्थी नियमितता आदि पक्ष मौन रहेको कारण उक्त पक्षलाई पत्ता लगाउन यो अनुसन्धान गरिएको हो ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्न उद्धेश्यहरु छन् :–

१. वालविकास केन्द्रवाट आएका विद्यार्थीहरुको शैक्षिक उपलब्धीको विश्लेषण गर्नु ।

२. वालविकास केन्द्रले भर्नामा पारेको प्रभावको लेखाजोखा गर्नु ।

३. वालविकास केन्द्र संचालन प्रक्रियाको मुल्याङ्कन गर्नु ।

४. वालविकास केन्द्रमा देखिएको समस्याहरुको पहिचान गरी समाधानका उपायहरु सुल्झाउनु।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

निम्न लिखित प्रश्नहरुमा केन्द्रित रही यो अध्ययन गरिएको छ :–

I. के वालविकास केन्द्रवाट आएका विद्यार्थीहरु विद्यालयको वातावरणमा कसरी समायोजन भएका छन् ?

II. वर्तमान अवस्थामा वालविकास केन्द्रमा हाल के कस्ता समस्याहरु रहेका छन ?

III. के वालविकास केन्द्र प्रति अभिभावकहरु सन्तुष्ट छन् ?

IV. वालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया कस्तो छ ?

## १.६ अध्ययनको परिसिमा

नेपालको पूर्वी जिल्ला मोरङमा आ.व.२०६४/२०६५ सम्म विद्यालयमा आधारित र समुदायमा आधारित बाल विकास केन्दहरुको जम्मा संख्या ७०९ पुगेको छ । जसमध्ये

समूदायमा आधारित ३९१ र विद्यालयमा आधारित ३१८ रहेका छन् । जस मध्ये इन्द्रपुर स्रोतकेन्द्रमा विद्यालयमा आधारित ३८ वटा र समुदायमा आधारित १९ वटा रहेका छन् । मेरो शोध विशेष रुपमा कक्षा एकसँग गासिएकोले विद्यालयमा आधारित छ वटा बाल विकास केन्द्रको छनोट गरी अध्ययन लाई अगाडि वढाइएको छ ।

शैक्षिक सत्र २०६५ सम्ममा विद्यालयमा आधारित बा.वि. केन्द्रहरुलाई मात्र समेटिएको छ ।

यस अध्ययनको निष्कर्षलाई सवै ठाउँ, परिवेश र समयमा सामान्यीकरण गर्न नमिलेता पनि इन्द्रपुर स्रोत केन्द्रका लागि उपयोगी हुन सक्छ ।

यस शोध शीर्षकको समस्या समग्र राष्ट्रकै भए पनि अध्ययनकर्ताको सिमित स्रोत, साधन र समयका कारण मोरङ जिल्लाको इन्द्रपुर स्रोतकेन्द्रका विद्यालयमा आधारित बा.वि. केन्द्रहरुमा मात्र सिमित गरिएको छ । यस स्रोतकेन्द्रमा सरोकार राख्ने सरोकारवालाहरु बा.वि. केन्द्रका बालवालिकाहरु, कक्षा एक का बालवालिकाहरु, अभिभावक, प्र.अ., सहयोगी कार्यकर्ता, वि.ब्य.स. अध्यक्षहरु, विद्यालय स्रोत व्याक्ति आदि पक्षको सेरोफेरोमा अध्ययनलाई सिमित गरिएको छ ।

# पच्छिेद–दुई

## अध्ययनको सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्य पुनरावलोकन

### २.१ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धान निश्चित धरातलमा रहेर गरिन्छ अनुसन्धानको लागि अनुसन्धानमा पूर्व स्थापित सिद्धान्तहरुको ज्ञान हुन जरुरी छ  जसका कारण अध्ययन अनुसन्धान गर्न खोजिएको विषयवस्तु को विकासक्रमको र यस पक्षमा गर्दै आएका अध्ययन अनुन्धानको ज्ञान हुन जान्छ । सम्वन्धित वा पूर्व साहित्यको समीक्षाले अनुसन्धानकर्ताले अध्ययन गर्न खोजेको र हालसम्म अनुसन्धान कार्यमा कुनै प्रयास नभएको कुराको अध्ययन गर्नको लागि ज्ञान दिन्छ । सम्वन्धित साहित्यको समीक्षाले पहिले गरिएको अनुसन्धानात्मक कार्यहरुको विचमा रहेको दूरीलाई कम गर्नमा सहयोग पुऱ्याउदछ । त्यसैगरी सम्वन्धित साहित्यको समीक्षाले अनुसन्धान कार्यमा निरन्तरता प्रदान गरी विगतमा भएको अनुसन्धानको दोहोरोपन हटाउन मद्दत गर्दछ । शोध शीर्षक बालविकास केन्द्रले शिक्षण सिकाइमा पारेको प्रभाव Montessory Education System, Froebel Kindergaten System Education को सिद्धान्तमा आधारित छ ।

डा.मारिया मन्टेस्री (१८७०-१९५२), का अनुसार शिक्षा भन्नु विकास हो । विकास बालवालिकाहरुको मन भित्रवाट आउनु पर्दछ । बालवालिकाको जन्मजात गुणहरुलाई पूर्णरुप दिनु नै शिक्षा हो । बालवालिकाहरु जन्मिएको वेला उनीहरुको आन्तरिक स्वरुप स्वतन्त्र वातावरणमा प्रस्फुटन हुन सक्छ त्यसकारण बालवालिकाहरुका लागि स्वतन्त्रता अपरिहार्य हुन्छ । यसकारण Montessory को विचारमा स्वतन्त्रता  बालवालिकाको भौतिक अधिकार हो । र सोही वातावरणमा मात्र बालवालिकाहरु आत्म निर्भर हुने कोशिस गर्दछन । प्रत्येक व्यक्तिको आफ्नै विचारहरु  हुन्छन  जसको व्यक्तित्व एक अर्कासँग भिन्न हुन्छ । कक्षा शिक्षण वा सामुहिक शिक्षणबाट उसको व्यक्तित्वलाई लत्याउनु हुदैन । उनीहरुको इच्छा अनुसार स्वतन्त्रतापूर्वक विकास गर्ने मौका दिएमा उनीहरुले आफ्ना अन्तरनिहीत गुणहरु आफ्नै ढंगले प्रदर्शन गर्दछन । त्यसकारण शिक्षकले प्रत्येक बालवालिकाहरुको सर्वपक्ष वारे अत्यन्त गम्भिरतापूर्वक अवलोकन गरी उनीहरुको नैसंर्गिक गुणहरु स्वतत्रता पूर्वक विकास गर्न

उपयुक्त वातावरण तयार  गर्नु पर्दछ । यदि शिक्षकले बालवालिकाको सिकाइलाई प्रभाव पार्ने गरी दवाव दिएमा उनीहरुले सिक्न सक्दैनन् ।

स्व-शिक्षा सर्वोत्तम विधि हो  जसवाट  बालवालिकाहरु आफ्नो क्षमता अनुसार आफ्नै ढंगवाट सिक्दछन । मन्टेसरी ले मांशपेशीको तालिमलाई प्रारम्भिक वालशिक्षाको महत्वपूर्ण अंगको रुपमा लिएका छन । शरीरका विभिन्न अंगहरुको मांशपेशीलाई अभ्यास गराई राख्नु पर्दछ । यसो गर्नाले मांशपेशीहरु मजबुत हुन्छन जसको फलस्वरुप हिड्ने ,दगुर्ने, लेख्ने जस्ता कियाकलापहरुमा सन्तुलन आउँदछ । ज्ञानेन्द्रियहरु ज्ञानका प्रवेशद्धार हुन् । त्यसैले शैक्षिक प्रकियामा ज्ञानेन्द्रियको महत्वपूर्ण भूमिका हुन्छ । सानै उमेरदेखि ज्ञानेन्द्रियहरुले उपयुक्त तालिम पाएमा सिक्ने कार्य सहज, सरल र वलियो हुन्छ । ज्ञानेन्द्रियको अभ्यासले तर्कपूर्ण चिन्तन र युक्तिपूर्ण निर्णय दिन सक्ने हुन्छन् । यसकारण सानै उमेरदेखि ज्ञानेन्द्रियको तालिम नितान्त आवश्यका छ । मन्टेसरी(१८७०)ले प्रारम्भिक वालशिक्षालाई वालगृहको रुपमा लिएकी छिन । वालगृहमा घरकै वातावरणको संरचना गरिएको हुन्छ । मन्टेसरी स्कुलको भवनहरुमा काम गर्ने कोठा, स्नान कोठा, चर्पी, सुत्नेकोठा, फूलवारी, खेलमैदान आदिको ब्यवस्था गरिएको हुन्छ । यहाँ बालवालिकाहरुको उमेर सुहाउदो फर्निचर तथा विभिन्न सामानहरु वनाइएको हुन्छ । दिसा, पिसाव, नुवाइ धुवाइ, सरसफाइ, वगैचाको हेर विचार सवै बालसमुहले नै गर्दछन् । उपदेशात्मक उपकरणहरु खेलाएर बालवालिकाहरु आफै सिक्दछन । उनीहरु आ-आफ्नो रुची अनुसार कुनै न कुनै कियाकलापमा संलग्न हुन्छन् । स्वतत्र वातावरणमा बालवालिकाहरको ब्यक्तिवादी भावनाको विकास गर्नु मन्टेसरी शिक्षाको उद्देश्य हो । यसमा पाठ्यक्रम विषय केन्द्रित नभई वाल केन्द्रित  हुन्छ (शर्मा,२०६४) ।

फ्रेडरिक फ्रोवेल (१८२७) का अनुसार बालवालिकाहरुको शिक्षा शैशव अवस्थामानै सुरु हुनुपर्दछ जसका कारण विद्यालय प्रवेश गर्ने बेलामा राम्रो विद्यार्थीको रुपमा प्रदर्शन गर्न सकोस् । जुन बालवालिका शिशु भए पनि राम्रो हुने आशा कम मात्र हुन्छ । उनका भनाइमा आत्म कियाकलाप, आत्म अभिव्यक्ति र आत्म अनुभूति आदि कुराहरु समाजमा रहेर सामाजिकरण प्रक्रियावाट सिक्ने कुरा हुन बालवालिकाहरुको पूर्ण विकासको लागि घर, परिवार, स्कुल, धार्मिक संस्था र राज्यको आवश्यकता पर्दछ । कुनै पनि बालवालिकाको शिक्षा एक्लै पूर्ण हुदैन तिनीहरुका लागि बालवालिकाहरु संग पनि घुलमिल हुनु पर्दछ । शिक्षा भन्नु नै आत्म

क्रियाकलापद्धारा गरेर सिक्ने (Learning by doing) हो । फ्रोवेलको किण्डरगार्टेन पद्दति पनि गरेर सिक्ने र सिकाउने सिद्धान्तमा आधारित छ । यसवाट बालवालिकामा अन्तरनिहित शरीरको चाल, हाउभाउ, खेल, गीत, रङहरुको प्रयोग, कथाकथन आदि । यसरी विद्यालयमा विभिन्न कार्यक्रमहरु संचालन गर्न  फ्रोवेलले सात वटा उपायहरुको व्यवस्था गरे । यी सात उपायहरुनै उनको शिक्षाको साधन हुन । यी साधनहरुको प्रयोग हातले छोएर, हेरेर र मनले बुझ्रेर, आकार, प्रकृति, सतह, संख्या आदिको धारणा सिकाउन प्रयोग गरिन्छन् ।

फ्रोवेलका अनुसार बालवालिकाहरुमा अन्तरनिहित र नैसर्गिक मानविय गुणहरुको स्वच्छन्दपूर्वक विकास गर्नु शिक्षाको मुख्य उद्देश्य हो । अर्को शब्दमा बालवालिकाहरुमा अवगुण हटाई जीवन उपयोगी र समाज उपयोगी कार्यकलापमा संलग्न गराइ नैसंर्गिक ब्याक्तित्वको विकास गर्नु नै शिक्षाको मूल उद्देश्य हो ।

फ्रोवेलले बालवालिकाहरुको विकासकोलागि कुनै निश्चित पाठ्यक्रम तर्जुमा गरेका छैनन् । बालकको विद्यालयमा कितावलाई कुनै स्थान दिएको छैन । उनको पाठ्यक्रममा बालवालिकाहरु वाल क्रियाकलापहरु र खेललाई नै प्रमुख स्थान दिएको छ (शर्मा,२०६४) ।

उपयूक्त अध्ययनको सैद्धान्तिक खाका अनुसार स्वतन्त्र वातावरणले वालवालिकाहरुको आन्तरिक क्षमता वढाउने, सिकाईका निम्ति तालिमको आवश्यकता पर्ने, शिशु अवस्था वाट नै वालकलाई शिक्षाको आवश्यकता पर्ने, पूर्व प्राथमित शिक्षा वाट वालवालिकाहरुको विद्यालय शिक्षा राम्रो हुने, वालवालिकाहरुलाई औपचारिक शिक्षाको वदला वातावरणको समायोजनमा जोड दिनु पर्ने निष्कर्ष पाउन सकिन्छ । जसले यस अध्ययनलाई थप उर्जा प्रदान गर्छ ।

## २.२ सम्वन्धित साहित्यको पुनरावलोकन

ढुंगाना, (२०६३) ले  वालविकास केन्द्र र यसको वर्तमान अवस्था शीर्षकमा आधारित रहेर शोध अध्ययन गरेको पाईयो । उक्त अध्ययनले वालविकास केन्द्रमा भौतिकपक्षको अभाव रहेको, शैक्षिक सामग्री अन्तर्गत पाठ्यक्रम, निर्देशिका, वालपुस्तिकाहरु, कालोपाटी, वर्णतालिका जस्ता शैक्षिक सामग्रीको अपुग रहेको, वालविकास केन्द्रमा शुद्ध खानेपानीको अभाव रहेको, सवै वालविकास केन्द्रमा सहयोगी कार्यकर्ता महिला नै रहेको तर शैक्षिक योग्यता फरक फरक रहेको कुरा उल्लेख गरेको छ ।

गौतम,(२०६२) ले शोध प्रारम्भिक वालशिक्षा कार्यक्रमले बालवालिकाहरुको सिकाईमा पारेको प्रभाव भन्ने शीर्षकमा आधारित भई प्रारम्भिक बालविकास केन्द्रले सिकाइमा पारेको प्रभाव विश्लेषण गर्नु, प्रारम्भिक बालशिक्षाको अवसर प्राप्त र अप्राप्त बालवालिकाहरु विचको सिकाईको तुलना गर्नु, प्रारम्भिक बालविकास केन्द्रले कक्षा एक को सिकाईमा पारेको प्रभावको विश्लेषण गर्नु जस्ता उद्देश्यमा आधारित भई अनुसन्धान गरेको पाइन्छ । अनुसन्धान गर्ने क्रममा शोधकर्ताले नवलपरासी जिल्लामा संचालित बालविकास केन्द्र र पूर्वप्राथमिक विद्यालयमालाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । नवलपरासी जिल्लामा संचालित २१३ वटा केन्द्रहरु मध्ये ५ वटा केन्द्र र केन्द्रका २५ जना प्रारम्भिक बालशिक्षा पाएका र उतिनै सङ्ख्यामा प्रारम्भिक वालशिक्षाको अवसर नपाएका बालवालिकाहरुलाई स्तरीकृत नमूना छनोटको आधारमा छनोट गरी तुलानात्मक अध्ययन गरेको पाइयो । तथ्याङ्क संङ्कलन गर्ने क्रममा प्राथमिक र द्धितीय दुवै तथ्याङ्कलाई लिई परीक्षण नतिजा, अवलोकन, प्रश्नावली, अन्तरवार्ता आदि माध्यमले तथ्याङ्क संङ्कलन र Tabulation गरी गुणात्मक र संख्यात्मक दुवै तरिकाले विशलेषण गरेको पाइन्छ । अध्ययन अनुसनधान गर्ने क्रममा बालशिक्षा प्राप्त गरेका र नगरेका बालवालिकाहरुको विषयगत उपलब्धीको तुलना गरिएको छ , बालशिक्षा प्राप्त र अप्राप्त विद्यार्थीहरुको कक्षा एकको उत्तीर्ण दरलाई विशलेषण गरिएको छ , बालशिक्षाको अवसर प्राप्त बालवालिकाहरुको वोलाइ , सुनाइ , सोचाइ , जिज्ञासा , नक्कल , सहायता , ध्यानदिने-नदिने, वातावरण वुभ्ने-नवुभ्ने आदि पक्षको विश्लेषण गरिएको छ । बालशिक्षाको अवसर प्राप्त बालवालिकाहरुको सरसफाइ, संवेग, विद्यालयमा नियमितता, अतिरिक्त क्रियाकलाप, माथिल्ला कक्षाहरुमा शैक्षिक र मनोवैज्ञानिक विकास, भाषा विकास आदि सम्पूर्ण पक्षलाई नजिकवाट तथ्याङ्कशास्त्रीय विधिवाट विश्लेषण गरेको पाइयो जसलाई अधययनवाट प्राप्त उपलब्धीको रुपमा लिन सकिन्छ ।

श्रेष्ठ,(२०६१) ले शोध शीर्षक काठमान्डौ उपत्याकाभित्र संचालित बा.वि.केन्द्रको भौतिक सुविधाहरुको ब्यवस्थापन आधारित भई पूर्व प्राथमिक विद्यालय भन्नाले प्राथमिक विद्यालयमा भर्ना हुनु अघि दिइने शिक्षा हो । भौतिक सुविधा राम्रो भएमा शिक्षाले राखेका निर्धारित लक्ष्य प्राप्त गर्न सकिन्छ । यसवाट भौतिक सुविधाहरुको ब्यवस्थापन पक्षको लेखाजोखा गर्न पूर्व प्राथमिक विद्यालयहरुमा भौतिक सुविधाहरुको ब्यवस्थापन पक्षको समस्याहरु पहिचान गरी

समाधानका उपायहरु कार्यान्वयनका लागि आवाश्यक सुझाव दिने उद्देश्यमा आधारित भई सहभागिता अवलोकन, असंरचित अन्तरवार्ता, गुणात्मक पक्ष आदि अध्ययन प्रक्रिया अपनाईएको पाइन्छ । सङ्कलित तथ्याङ्कहरुलाई Tabulation गरी औषत, मध्यक, मध्यिका, सह-सम्वनध, वृत चार्ट आदिको प्रयोग गरी प्राप्त सूचनालाई विश्लेषण गरेको पाइन्छ । भवनको व्यवस्था पर्याप्त भए नभएको, कक्षाकोठाको सजावट भए नभएको, शौचालयको व्यवस्था, फर्निचरको अवस्था, खेलमैदानको अवस्था आदि पक्षहरुलाई अध्ययन गरी प्राप्तिको रुपमा उल्लेख गरिएको छ ।

मल्ल र साथीहरुको(२०५४), अनुसार मानव वृद्धि र विकासको के कस्तो अवस्था हो । यो अवस्थामा बालवालिकामा विकासको महत्व र आवस्यकता, कस्तो खालको शिक्षा र स्याहार उपयुक्त हन्छ भन्ने कुरालाई प्रस्ट पार्दै प्रारम्भिक वाल्य अवस्था विकासलाइ परिचित गराएका छन् । त्यसैगरी बालविकासका पक्षहरु के के हुन सक्छन, सो अवस्थामा विकासको लागि बालवालिकाहरुलाई के कस्ता कियाकलापमा संलग्न गराउनु पर्दछ भन्ने सैद्धान्तिक अवधारणा प्रस्तुत गरेका छन् । तर्सथ यस्ता बालवाविकाहरुमा सामाजिक वौद्धिक, शारीरिक, भाषिक र संवेगात्मक जस्ता विविध पक्षहरुको विकासका लागि अभिभावक, सहयोगी कार्यकर्ता, स्याहार सुसार गर्ने व्यक्ति, राष्ट्रिय र अन्तराष्ट्रिय संङ्घ सस्थाहरुले के कस्तो भूमिका निर्वाह गर्नु पर्दछ भन्ने पक्षलाई स्पष्ट पारेका छन् (मल्ल तथा साथीहरु,२०५४)

सेरिड (१९९८) ले आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तरगत संचालित शिशुहरुको सुधार गर्ने उद्देश्यले ५ वटै विकास क्षेत्रलाई समेटेर झापा, चितवन, वाँके, सुर्खेत। डडेलधुरा र कैलाली जिल्लाहरुलाई नमूना छनोट गरी शिशु कक्षा र कार्यक्रमको प्रभावकारिता अध्ययन गरेको रहेछ । उक्त अध्ययनले शिशु शिक्षा नपढी प्राथमिक तह पढ्ने बालवालिकाहरुको तुलनामा शिशु शिक्षा पढेर प्रा.वि. तहमा पढ्नेको औषत उपलब्धी १५% वढी भएको निस्कर्ष निकालेको छ । सोही अध्ययनले पढ्ने लेख्ने सीपको विकास गर्नु, अनुसन्धान निर्माण गर्ने, साथी वनाउने, समग्रमा गुणस्तरीय शिक्षाको आधार निर्माण गर्न शिशुकक्षा महत्वपूर्ण भएको पुष्टि गरेको छ ।

युनिसेफ (२००३) ले सिराहा जिल्लालाई नमूना छनोट गरी बालविकास कार्यक्रमबाट के असर पऱ्यो ? भन्ने प्रस्न लिएर प्रारम्भिक बालविकास कार्यक्रमको प्रभाव सम्वन्धी अध्ययन गरेको रहेछ । उक्त अध्ययन जातिगत संलग्नतालाई पनि उक्त कार्यक्रमले प्रस्तुत गरेको छ ।

एजुकेसन पेजेज,(२०६४) सहयोगी कार्यकताको सुविधा कम भो भन्ने शीर्षकको लेखमा नेपालगन्जको श्री ने.रा.प्रा.वि. घरवारी टोलमा प्रारम्भ भएको बा.वि. केन्द्रको वास्तविक अवस्था, अभिभावकको उत्प्रेरण, सहयोगी कायकर्ताको समस्या, जिल्ला शिक्षा कार्यालयको सहयोग आदि पक्षको सेरोफेरोमा लेखलाई अगाडि बढाइएको छ । यहाँ संचालित बा.वि. केन्द्रले गरिव, असहय र विहान वेलुका छाक टार्न मुस्किल पर्ने परिवारका बालवालिकाहरुलाई अध्यापन गराई निजी स्कुलको तिर्सना मेटाउन सफल भएको कुरा उल्लेख गरिएको छ । अभिभावकहरु बा.वि. केन्द्र प्रति ज्यादै आकर्षित भएको तर आफ्नो आर्थिक अवस्थाले गर्दा बा.वि. केन्द्रलाई सहयोग गर्न नसकेको कुरा उल्लेख गरिएको छ । यस्ता साना बालवालिकाहरुलाई अध्यापन गरी राम्रो वानीको विकास गर्ने सहयोगी कार्यकर्ताको पारिश्रमिक ज्यादै न्यून भएको मजदुरको रुपमा काम गर्ने कामदार जतिको पनि नभएको कम पारिश्रमिक भएकै कारण महिलालाई अघि सारेर महिलालाई अपहेलित गर्न खोजिएको होकि भन्ने पक्षलाई पनि लेखमा उतारिएको छ । जिल्ला शिक्षा कार्यालयले विविध पक्षमा सहयोग गर्ने उल्लेख गरी स्थापना गरिएको बा.वि. केन्द्रलाई हाल सम्म कुनै सहयोग र निरीक्षण नगरेको  कारण बा.वि. केन्द्र संचालनमा समस्या हुदै गएको कुरा उल्लेख गरिएको छ । आगामी दिनहरुमा बा.वि. केन्द्रलाई सहयोग गर्न सम्पूण पक्षलाई अनुरोध गरिएको छ ।

रा.शि.यो.आ.,(२०२८-०३२) ले पूर्व प्राथमिक शिक्षा दिने उद्देश्यले निजि क्षेत्रले समेत शिक्षण संस्था खोल्न पाउने र सरकारले यस्ता शिक्षण सस्थाको पाठ्क्रम र तालिमको व्यवस्था गर्ने तर त्यस्ता शिक्षण संस्थालाई सरकारी स्तरवाट अनिवार्य भने गरिएको थिएन । पूर्वप्राथमिक शिक्षाको पढाइको तरिकामा उन्नति गर्नमा श्री ५ को सरकारले पाठ्यक्रम र शिक्षण तालिमको व्यवस्था गर्नेछ र पूर्वप्राथमिक विद्यालय खोल्ने जिम्वेवारी हाल श्री ५को सरकारको हुने छैन भनी उल्लेख गरेको छ ।

उ.रा.शि.आ.,(२०५५) ले पूर्वप्राथमिक शिक्षालाई औपचारिक ढाँचामा समावेसगरी विद्यालयीय उमेर ५ वर्ष पूरा गर्नुभन्दा अगाडि १ वर्षको पूर्वप्राथमिक शिक्षालाई शैक्षिक

संरचनामा समावेश गरी पूर्वप्राथमिक शिक्षाको उद्देश्य। संरचना, भर्ना, अनुदान, सहयोग, शुल्क, पाठ्यक्रम तथा पाठ्यसाग्री, नियन्त्रण तथा अनुगमन, शिक्षक, भाषा, सुगमता आदि पक्षमा स्पस्ट निर्देशन उल्लेख गरिएको छ ।

उपर्युक्त सम्वन्धित साहित्यहरुको पुनरावलोकन वाट वालविकास केन्द्रमा भौतिकपक्षको अभाव रहेको, शैक्षिक सामग्री अन्तर्गत पाठ्यक्रम, निर्देशिका, वालपुस्तिकाहरु, कालोपाटी, वर्णतालिका जस्ता शैक्षिक सामग्रीको अपुग रहेको, वालविकास केन्द्रमा शुद्ध खानेपानीको अभाव रहेको, सवै वालविकास केन्द्रमा सहयोगी कार्यकर्ता महिला नै रहेको तर शैक्षिक योग्यता फरक फरक रहेको, वालविकास संचालनमा अभिभावकहरुको चासो र संम्लग्नतामा कमि रहेको, अनुगमन मूल्याङकनको अभाव रहेको, वातावरण समायोजनको सट्टा औपचारिक शिक्षा पठनपाठन गरीएको जस्ता प्राप्तिहरुलाई उल्लेख गरिएको छ ।

अनुसन्धान कर्ताहरुले माथि उल्लेखित प्राप्ति उल्लेख गरेता पनि वालविकास केन्द्र वाट आएका विद्यार्थीहरुको पछिल्ला कक्षाहरुमा देखिएको शैक्षिक सुधार, विद्यार्थी व्यवहार, नियमितता, कक्षा छाड्ने र उत्तिर्ण हुने स्थितिको विश्लेशण गरेको देखिएन ।

यसरी सम्वन्धित क्षेत्रमा अध्ययन अनुसन्धान भएर पनि माथि उल्लेखित प्राप्त गर्न नसकेको पक्षलाई अध्ययन अनुसन्धान गरी तथ्य सत्य पत्ता लगाउन मेरो शोध शीर्षक वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव सम्वन्धि शोध गर्न सार्थक रहन्छ ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

कुनै पनि अनुसन्धानलाई अगाडि वढाउन सम्वन्धित साहित्य वा सिद्धात्तको अवलम्वन गर्नै पर्ने हुन्छ जसका कारणले अनुसन्धानले दिशा पहिल्याउन सकोस्, अनुसन्धानवाट पत्ता लागेका कुराहरुलाई सम्वन्धित क्षेत्रमा सामान्यीकरण गर्न सकियोस् । यो शोध शीर्षक वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव पनि माथि उल्लेखित सिद्धान्तमा आधारित छ । सम्वन्धित सिद्धात्त वा साहित्यको अध्ययन गर्नुको उद्देश्य सम्वन्धित क्षेत्रलाई नियाल्नु हो ।

यस शोधमा बालविकासका सिद्धान्तहरु र सम्वन्धित साहित्यहरुको अध्ययन गरिएको छ जसका कारण बालविकास केन्द्रको विकास कहाँवाट कसरी भएको हो, शिक्षाविद्धहरु, दार्शनिकहरु र अनुसन्धानकर्ताहरु यस विषयमा के भन्दछन् ? बालवालिकाको व्यवहार, विकास

र सिकाई के कसरी हुन्छ ? बालवालिकालाई कसरी वातावरणमा समायोजन गर्न सकिन्छ ? उनीहरुले कसरी सहज तरिकाले सिक्न सक्दछन् ? यस विषयमा विद्वानहरुका के कस्ता भनाइहरु रहेका छन, यस विषयमा के कस्ता खोजी अनुसन्धानहरु भएका छन् बालविकास केन्द्रको हालसम्मको विकास, यसमा देखिएका समस्याहरु, पत्तालागेका कुराहरु, यसका उपलब्धीहरु के कस्ता रहेका छन, यस्ता पक्षलाई व्यवहारमा लागू गरिएको छ कि छैन, आदि पक्षको जानकारी हासिल गरी आफ्नो शोधलाई अगाडि वढाउन सहज हुनेछ जसका लागि पनि सम्वन्धित साहित्यको अध्ययन गर्नु आवाश्यक हुनेछ ।

# परिच्छेद–तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन गर्दा विद्यालयमा संचालित बा.वि केन्द्र संग सम्वन्धित विभिन्न पक्षहरुको टिपोट उठाई वर्णनात्म्क रुपमा तुलना र विश्लेषण गरिने हुँदा अध्ययन अनुसन्धानको ढाचा गुणात्मक र वर्णनात्मक दुवै पद्धतिमा आधारित भई तथ्यहरुलाई परिणात्मक रुपमा पनि ब्यक्त गरिएको छ ।

## ३.२ नमूना छनोटको आधार

यस अध्ययनका लागि विद्यालयमा संचालित बा.वि. केन्द्रहरु छनौट गर्दा इन्द्रपुर स्रोत केन्द्र (Cluster No-7) मा रहेका छ वटा गा.वि.स. हरुवाट कम्तिमा एक-एक वटा बा.वि केन्द्र पर्ने गरी Purposive Sampling का आधारमा छनौट गरिएको छ भने उत्तरदाताहरुको छनौट पनि सोही आधारको अनुसरण गरी गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलन प्रक्रिया

**३.३.१ जनसंख्याः-** यस अध्ययनका लागि मोरङ जिल्लाको इन्द्रपुर स्रोतकेन्द्रमा विद्यालयमा संचालित ३८ वटा बा.वि. केन्द्रहरुलाई नमूना कूल जनसंख्याको रुपमा लिइएको छ ।

**३.३.२ नमूना आकार** :- ३८ वटा बा.वि. केन्द्रहरु मध्ये Purposive Sampling का आधारमा ६ वटा बा.वि. केन्द्र छनौट गरिएको छ । त्यसै गरी Purposive Sampling कै आधारमा प्रत्येक बा.वि. केन्द्रहरुवाट कक्षा एकमा आएका २/२ जनाको दरले १२ जना बालवालिकाहरु, सिधै कक्षा एकमा आएका २/२ जनाको दरले १२ जना बालवालिकाहरु, १/१ जनाको दरले ६ जना सहयोगी कार्यकता, १/१ जनाको दरले ६ जना कक्षा एकका शिक्षक, १/१ जनाको दरले ६ जना प्र.अ.हरु, १/१ जनाको दरले ६ जना वि.ब्य.स. अध्यक्षहरु, २/२ जनाको दरले १२ जना अभिभावकहरु, १ जना स्रोत व्यक्ति ।

## ३.४ अनुसन्धानका साधनरहरु

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न निम्न अनुसन्धानका साधनहरु प्रयोग गरिएको छ :

(क) **प्रश्नावली** :- प्रश्नावलीलाई सोधपुछ पनि भनिन्छ । अनुसन्धान प्रक्रियामा तथ्यपरक सूचनाहरु संङ्कलन गर्न उपयोग गरिन्छ । प्रश्नावली समस्याको सेरोफेरोमा आधारित भई निर्माण गरिएको प्रश्नहरुको सूची हो । प्रश्नहरुको त्यस्तो सूचीलाई छनौट गरेको नमूना वा उत्तरदाता समक्ष पुऱ्याइन्छ । जसले त्यस क्षेत्रको समग्र निस्कर्ष निकाल्न मद्धत पुऱ्याउदछ । यस अध्ययन प्रयोजनका लागि छनौटमा परेका बालवालिकाहरु, स.का., शिक्षक, प्र.अ., अभिभावक, वि.व्य.स. अध्यक्ष र स्रोत ब्यक्तिका लागि प्रश्नावली प्रयोग गरिएको थियो । ( अनुसूची ५)

(ख) **अन्तरवार्ता** :- अन्तरवार्ताका लागि तयार गरिएको लिखित प्रश्नावलीलाई अन्तरवार्ता अनुसूची भनिन्छ । जुन अन्तरवार्ताकारले उत्तरदातासंग प्रत्यक्ष भेट गरी मुखामुख भई सोध्ने र उत्तर लेख्ने गरिन्छ । यस अध्ययनका लागि छनौटमा परेका सरोकारवालाहरु संग प्रत्यक्ष रुपमा अन्तरवार्ता लिई तथ्याङ्क संकलन गरिएको छ। (अनुसूची ७)

.(ग) **अवलोकन** :- Wieck(1964) का अनुसार कुनैपनि अध्ययनको विषयलाई विना नियन्त्रण तथा संचालन विना हेर्ने र सूचना संकलन गर्ने विधि हो । त्यसैले ज्ञानेन्द्रियहरुको उपयोग वाट सूचनाहरुको संकलन गरी विश्लेषण र ब्याख्यावाट सिद्धान्तहरुको विकास गर्न उपयोग गरिने ब्यवहारिक विधि अवलोकन हो । यस अध्ययनमा छनौटमा परेका बा.वि. केन्द्र र बालवालिकाहरुको प्रत्यक्ष नियन्त्रित अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ। (अनुसूची ८)

(घ) **अभिलेख अध्ययन** :- विद्यालयमा रहेको कक्षाएक को सिकाइ उपलब्धी, दैनिक हाजिरी खाता, संचित अभिलेख र प्रगति विवरण जस्ता अभिलेखहरु प्राप्त गर्न अभिलेख अध्ययनगरिन्छ।

## ३.५ तथ्याङ्कका स्रोतहरु

यस अध्ययनको तथ्याङ्क र जानकारी संङ्कलनका स्रोतहरु निम्न वमोजिम थिए :-

(क) **प्राथमिक स्रोतहरु** :- प्रश्नावली, अन्तरवार्ता अनुसूची, अवलोकन फारमलाई प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको थियो ।

(ख) **द्वितीय स्रोतहरु** :- शिक्षा ऐन, नियमावली, शिक्षा सम्वन्धी प्रतिवेदनहरु, जर्नल, निर्देशिका, पाठ्यक्रम, सहयोगी कार्यकता निर्देशिका, विद्यालयमा रहेको विद्यालय अभिलेख आदि द्धितीय स्रोतको रुपमा प्रयोग गरिएको थियो ।

## ३.६ तथ्याङ्कको ब्याख्या, विश्लेषण र प्रस्तुतीकरण

प्रश्नावली, अन्तरवार्ता , प्रत्यक्ष अवलोकन र अभिलेख अध्ययनवाट प्राप्त गरिएको तथ्य तथ्याङ्कहरुलाई तालिकीकरण गरी तथ्याङ्कशास्त्रीय विधि, प्रतिशत, अनुपात र स्तभ चित्रमा राखी गुणात्मक र वर्णनात्मक तरिकाले विश्लेषण गरिएको छ ।

## ३.७ तथ्याङ्कको वैधता

यस अध्ययनको लागि संङ्कलित तथ्याङ्कहरुलाई वैधताका लागि विभिन्न पक्षसंग प्रश्नावली र अन्तरवार्तामा उही प्रश्नहरु सोधिएका छन् भने ती प्रश्नका प्रतिक्रियाहरुलाई प्रत्यक्ष अवलोकन र अभिलेख अध्ययन मार्फत Cross Check समेत गरेर परीक्षण गरिएको छ ।

# परिच्छेद–चार

# तथ्याङ्कको ब्याख्या र विश्लेषण

## ४ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

३-५ वर्ष सम्मका बाल वालिकाहरुलाई प्रदान गरिने ज्ञान सीप नै पूर्व प्राथमिक शिक्षा हो । यसलाई हाल विभिन्न नामले चिनिन्छ । जस्तै नर्सरी शिक्षा, शिशु शिक्षा, के.जी, बालविकास केन्द्र, बालशिक्षा आदि । प्रारम्भिक वाल्य अवस्थालाई मानवीय क्षमता विकासको एक महत्वपूर्ण चरण मानिन्छ । यस अवस्थामा बालवालिकाहरुलाई उचित स्याहार, सुसार र

शिक्षाको आवाश्यक्ता पर्दछ । प्रारम्भिक वाल्य अवस्था विकास अन्तर्गत घर तथा समुदायमा बालवालिकाको हेरचाह, सामाजिकरण र शिक्षालाई अगाडि वढाउने खालका सेवाहरु समावेश भएका हुन्छन् । जसले बालकको सवाङ्गिण विकासमा सहयोग पूऱ्याउछ (शिक्षा विभाग, २०६१) ।

अध्ययन गर्ने क्रममा मोरङ जिल्लामा रहेको इन्द्रपुर स्रोतकेन्द्र (cluster No. 7) मा ६ वटा गा.वि.स. रहेका छन् । जहाँ विद्यालयमा आधारित बालविकास केन्द्र र समुदायमा आधारित बालविकास केन्द्रहरु संचालित छन् । स्रोतकेन्द्रको स्थलगत अध्ययन गर्दा ५५ सरकारी विद्यालयहरु रहेको पाइयो । बालविकास केन्द्रहरुको जम्मा संख्या ५७ वटा मध्ये विद्यालयमा आधारित ३८ वटा र समुदायमा आधारित १९ वटा रहेका छन । अध्ययन गर्ने क्रममा विद्यालयमा आधारित बालविकास केन्द्रहरुलाई मात्र अध्ययन क्षेत्र वनाइएकोले प्रत्येक गा.वि.स. वाट १/१ वटा पर्ने गरी जनता नि.मा.वि. इन्द्रपुर, पञ्चज्योति नि.मा.वि वेलवारी,सुर्यज्योति प्रा.वि. हरैचा, सरस्वती प्रा.वि मृगौलिया, हरिदेव प्रा.वि.सुन्दरपुर र जनता नि.मा.वि. दुलारी रहेका छन् ।

## ४.१ बालवालिकाहरुको शैक्षिक उपलब्धी विश्लेषण

तोकिएको निश्चित कक्षामा, निश्चित समयावधी भित्रमा, निश्चित परिधि भित्र रहेर बालवालिकाहरुले प्राप्त गरेको ज्ञान, सीप र क्षमतालाई शैक्षिक उपलब्धी मान्न सकिन्छ । यहाँ शैक्षिक उपलब्धी अन्तरगत बालवालिकाहरुको विषयगत औषत उपलब्धी, बालवालिकाहरको कक्षा छाड्ने दर, नियमितता,र बालवालिकाहरुको अन्य उपलब्धीहरुलाई विश्लेषण गर्दा निम्न अवस्था रहेको पाईयो :-

४.१.१ कक्षा एकका बालवालिकाहरुको विषयगत औषत उपलब्धी विश्लेषण :-

बा.वि.केन्द्रवाट कक्षा एकमा भर्ना भएका र सिधै कक्षा एकमा भर्ना भएका वालवालिकाहरुको २०६५ सालको विषयगत औषत उपलब्धी निम्न अनुसार प्राप्त भयो ।

तालिका १

विषयगत औषत उपलब्धी विश्लेषण

| क.स. | विषय | पुणाङ्क | बा.वि.केन्द्र वाट कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको विषयग औषत उपलब्धि | सिधै कक्षा एकमा भर्ना भएका वालवालिकाहरुको विषयगत औषत उपलब्धि |
|---|---|---|---|---|
| १ | नेपाली सु.वो. | ७० | ४२.७४ | ३७.१७ |
| २ | नेपाली प.ले. | ३० | १७.६ | १३.२७ |
| ३ | अंग्रजी सु.वो. | ८० | ६७.२ | ४७.१ |
| ४ | अंग्रजी प.ले. | २० | १४.८ | ११.१५ |
| ५ | गणित | १०० | ५६ | ४८.२ |
| ६ | विज्ञान तथा वातावरण | ५० | २५.७३ | २२.६ |
| ७ | सामाजिक शिक्षा | ५० | ३३.६ | २९.४ |
| ८ | शारीरिक शिक्षा | ५० | ३२.२ | २०.५ |
| ९ | सिर्जनात्मक शिक्षा | ५० | ४०.३ | २०.१७ |
| १० | स्थानिय विषय | १०० | ६६.८ | ५०.२ |

स्रोत :- विद्यालयको मार्कलेजर २०६५


माथिको तालिका अध्ययन गर्दा बा.वि. केन्द्रको अध्ययन पश्चात कक्षा एकमा भर्ना भएका बालवालिकाहरु र सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको विषयगत औषत उपलब्धी सम्पूर्ण विषयमा बा.वि. केन्द्रको अध्ययन पश्चात कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको औषत उपलब्धि उच्च रहेको देखिन्छ । कक्षा एक मा समावेस दश वटा विषयगत (विद्या) मा बा.वि. केन्द्र वाट कक्षा एकमा भर्ना भएका र सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको प्राप्ताङ्क विषयगत औषत उपलब्धीलाई हेर्दा क्रमश विषयहरु नेपाली (सु.वो.), नेपाली(प.ले.), अंग्रेजी(सु.वो.), अंग्रेजी(प.ले.), गणित, विज्ञान तथा वातावरण, समाजिक शिक्षा, शारीरिक शिक्षा, सिर्जनात्मक शिक्षा र स्थानीय विषयमा क्रमश ४२.७४ र ३७.१७, १७.६ र १३.२७, ६७.२ र ४७.१, १४.८ र ११.५, ५६ र ४८.२, २५.७३ र २२.६, ३३.६ र २९.४, ३२.२ र २०.५, ४०.३ र २०.१७, ६६.८ र ५०.२ देखिन्छ । सवै विषयमा विषयगत औषत उपलब्धी बा.वि. केन्द्र वाट कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको उच्च देखिन्छ । अझ विषयगत

रुपमा तुलना गरेर हेर्दा लेखाइ भन्दा सुनाइ वोलाई सीपहरुमा अझ राम्रो देखिन्छ । त्यसैगरी सिर्जनात्मक विषय अन्तरगत गीत गाउने, नाच्ने, चित्र वनाउने, कथा कविता भन्ने र शारीरिक शिक्षा अन्तरगत खेल खेल्ने, दौडने, उफ्रने आदि सीपमा बा.वि. केन्द्रको अध्ययन पश्चात कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको उच्च देखिन्छ । माथिको तथ्य वाट के भन्न सकिन्छ भने बा.वि. केन्द्र वाट कक्षा एक मा भर्ना भएका बालवालिकाहरुको लेखाइ भन्दा पनि विशेष रुपमा सुन्ने, वोल्ने, अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने जस्ता सीपको विकास भएको हुन्छ ।

जसलाई चित्रगत रुपमा प्रस्तुत गर्दा :–

चित्र १

विषयगत औषत उपलब्धी विश्लेषण




स्रोत :- विद्यालयको मार्कलेजर २०६५

फ्रोवेलले भनेका छन बालवालिकाहरुको शिक्षा शैशव अवस्थावाट नै सुरु गर्नुपर्दछ जुन बालवालिकाहरुले शिशु शिक्षा प्राप्त गरेका हुदैनन् । त्यस्ता बालवालिकाहरुको विद्यालय शिक्षा पनि राम्रो हुदैन । बालवालिकाहरुको पूर्ण विकासको लागि घर, परिवार, विद्यालय र राज्यको आवाश्यकता पर्दछ । शिक्षा एक्लै पूर्ण हुदैन । शिक्षामा सामाजिकरण हुनुपर्दछ । उनले बालवालिकाहरुलाई पुष्प बाटिकाको रुपमा परिकल्पना गरेका छन् ।

यसरी शिक्षाविद् को भनाइ माथिको तथ्यसंग मेल खान गएको देखिन्छ । फ्रोवेलले भनेझै बा.वि.केन्द्रको अध्ययनवाट कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको औषत उपलब्धी सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको तुलनामा उच्च देखियो ।

### ४.१.२ बालवालिकाहरुको औषत उपस्थिति गणना

बालवालिकाहरुको विद्यालयमा उपलब्धी गणना गर्ने आधारका रुपमा बालवालिकाहरुको दैनिक उपस्थितिलाई लिने गरेको पाइन्छ । हाल प्रा.वि. तहमा विद्यार्थी उत्तिर्ण गर्ने आधार विद्यार्थीको उपस्थितिलाई दिएको छ । स्वभावैले जुन विद्यार्थी कक्षामा वढी उपस्थित हुन्छ उसको सिकाइ पनि राम्रो हुन्छ । यहाँ बा.वि. केन्द्रवाट कक्षा एकमा आएका बालवालिकाहरु र सिधै कक्षा एकमा आएका बालवालिकाहरुको २०६५ सालको दश महिना को विद्यार्थीहरुको उपस्थितिलाई देखाइएको छ

तालिका २

औषत उपस्थिति

| क.स. | महिना | जम्मा दिन | विद्यालय खुलेको दिन | बा.वि.केन्द्रबाट कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको मासिक औषत उपस्थिति | औषत उपस्थिति प्रतिशतमा | सिधै कक्षा एकमा भर्ना भएकाबालवालिकाहरुको मासिक औषत उपस्थिति | औषत उपस्थिति प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| १ | वैसाख | ३१ | २२ | १२ | ५४.५ | ८ | ३६ |
| २ | जेष्ठ | ३२ | २५ | २४ | ९६ | १८ | ७२ |
| ३ | असार | ३१ | १९ | १७ | ८९.५ | १० | ५६ |
| ४ | भदौ | ३१ | २५ | २४ | ९६ | २२ | ८८ |
| ५ | असोज | ३० | १२ | १२ | १०० | ९ | ७५ |
| ६ | कार्तिक | ३० | १७ | १५ | ८८ | १० | ५८.८ |
| ७ | मंसिर | ३० | २३ | २१ | ९१ | १५ | ६५.२ |
| ८ | पौष | २९ | २३ | २२ | ९५.६ | १६ | ६९.५ |
| ९ | माघ | २९ | २१ | १९ | ९०.४ | १८ | ८५.७ |
| १० | फाल्गुण | ३० | २२ | २० | ९०.९ | १५ | ६८.२ |


स्रोत :- शैक्षिक क्यालेन्डर २०६५,विद्यालयको हाजिरी खाता २०६५

तालिका न. २ अध्ययन गर्दा १२ वटा महिनामा श्रावण विदाको महिना र चैत अन्तिम परीक्षा र परीक्षाफल प्रकाशनको महिना वाहेकका १० वटा महिनाको विद्यार्थीहरुको औषत उपस्थितिलाई विद्यालयको हाजिरी खाताका आधारमा विद्यार्थी उपस्थिति र शैक्षिक कार्यपात्रोका आधारमा विद्यालय खुलेको दिन लिइएको छ जहाँ बा.वि.केन्द्रको अध्ययन पश्चात कक्षा एकमा भर्ना भएका र सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको औषत उपस्थिति क्रमश वैसाखमा १२ र ८, जेष्ठमा २४ र १८, असारमा १७ र १०, भदौमा २४ र २२, असोजमा १२ र

९, कार्तिकमा १५ र १०, मंसिरमा २१ र १५, पौषमा २२ र १६, माघमा १९ र १८र फाल्गुणमा २० र १५देखिन्छ । जसलाई प्रतिशतका आधारमा हेर्दा वैसाखमा ५४.५% र ३६%,जेष्ठमा ९६% र ७२%, असारमा ८९.५% र ५६%, भदौमा ९६% र ८८%, असोजमा १००% र ७५%, कार्तिकमा ८८% र ५८.८%, मंसिरमा ९1% र ६५.1%, पौषमा ९५.६% र ६९.५%, माघमा ९०.४% र ८५.७% र फाल्गुणमा ९०.९% र ६८.२% देखिन्छ । यसरी सवै महिनाहरुमा बा.वि. केन्द्रको अध्ययन पश्चात कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको मासिक औषत उपस्थिति सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको तुलनामा ज्यादै उच्च देखिन्छ । तर्सथ तथ्याङ्कका आधारमा के भन्न सकिन्छ भने बा.वि. केन्द्रको अध्ययनको कारणले बालवालिकाहरुमा विद्यालय जाने बानीको विकास, विद्यालयमा समायोजन, साथीसंग घुलमिल, शिक्षक संगको राम्रो सम्वन्ध आदि कारणले उनीहरु कक्षा एकमा नियमितरुपमा विद्यालयमा उपस्थिति हुने गर्दछन । तर सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरु विद्यालयमा समायोजन हुन नसक्नु साथीसंग घुलमिल हुन नसक्नु, शिक्षकसंग डराउनु, विद्यालय जाने वानीको विकास हुन नसक्नु आदि कारणले विद्यालयमा नियमित उपस्थित हुन सक्दैनन्  जसको असर प्रत्यक्ष र अप्रत्यक्ष रुपमा उनीहरुको अन्य उपलब्धीमा पर्न जान्छ । जसलाई चित्र द्वारा निम्न रुपमा देखाइएको छ :-

चित्र :- २

औषत उपस्थिति गणना




स्रोत :- शैक्षिक क्यालेन्डर २०६५,विद्यालयको हाजिरी खाता २०६५


४.१.३ बा.वि. केन्द्रवाट कक्षा एकमा भर्ना भएका र सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको उपलब्धी सम्बन्धी अध्ययन गर्दा निम्न तथ्याङ्क प्राप्त भयो :-

बा.वि. केन्द्रको अध्ययन पश्चात कक्षा एकमा भर्ना भएका र सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको उपलब्धि सम्वन्धी अध्ययन गर्दा उलब्धीहरु क्रमश उपस्थिति ८७.५% र ५०%, सरसफाईमा ८३.३% रु ४१.७%, पढाईमा ध्यान ८५.४% र ३७.५%, कक्षा कार्यमा ८९.६% र ३९.६%, गृहकार्यमा ७९.२% र ४५.६%, अनुशासनमा ६२.५% र ३१.२%, अतिरिक्त क्रियाकलावमा ९७.२% र २५%, शौचालयको प्रयोगमा ९३.८% र २९.२%, विद्यालयमा समायोजनमा ९१.७% र २५%, सिकाइमा सहजतामा ९५.८% र २९.२%, शिक्षकसँगको

सम्बन्धमा ९१.७% र ३१.२%, ब्यवहारको अवस्थामा ७९.२% र २५%, साथीसंगको सम्बन्धमा ८३.३% र ४५.८%, विषयगत उत्सुकतामा ८७.५% र ५२.१%, र कक्षा छाड्ने दरमा ३५.४% र ९५.८% देखिन्छ । माथिको तथ्याङ्कका आधारमा के भन्न सकिन्छ भने बा.वि. केन्द्रको अध्ययन पश्चात कक्षा एकमा आएका बालवालिकाहरुको कक्षाको हरेक क्रियाकलापमा सिधै कक्षा एकमा आएका बालवालिकाहरुको तुलनामा ज्यादै उच्च पाइन्छ । बा.वि. केन्द्रमा बालवालिकाहरुलाई खेलको माध्यमवाट अध्यापन गराइने, सफा सुग्घरमा ध्यान दिने, चित्र वनाउन लगाउने, साथीसंग घुलमिल गराइने, गीत गाउन लगाइने, नाच्न लगाइने, आदि कारणहरुले उनीहरुमा पछिल्लो कक्षाहरुमा पनि सोही वानीको विकास भएको हुन सक्दछ । तर सिधै कक्षा एकमा आएका बालवालिकाहरुले भने सो अवसर प्राप्त नगरेको कारणले कक्षाको विविध क्रियाकलापमा पछि परेका हुन्छन  जसको कारण उनीहरुमा कक्षा छाड्ने दर पनि  उच्च देखिन्छ । ( अनुसूची १) जसलाई चित्र द्वारा निम्न रुपमा देखाउन सकिन्छ

चित्र ३

उपलब्धि विश्लेषण



स्रोत : स्थलगत अध्ययन

## ४.२ बा.वि. केन्द्रले कक्षा एकको भर्नामा पारेको प्रभाव

बा.वि. केन्द्रको प्रभाव खाली बा.वि. केन्द्रमा मात्र सिमित नरहेर यसको प्रभाव माथिल्ला कक्षाहरुमा पनि देखिनु पर्दछ । सरकारी विद्यालयको प्राथमिक तहमा विद्यार्थीहरु ज्यादा अनुपस्थित रहने, कक्षा छाड्ने दर उच्च हुनु, उत्तीर्णदर न्यून हुनु, आदि कारणहरु रहेका छन् । यसरी विद्यालयमा देखिएका समस्याहरुलाई बा.वि. केन्द्र संचालन पश्चात के कस्तो प्रभाव परेको छ, विद्यालयमा बा.वि. केन्द्र संचालन पश्चात विद्यार्थी संख्यामा वृदि भएको छ छैन, विद्यार्थीहरुको कक्षा छाड्ने दर के कस्तो छ, कक्षा एकमा कति विद्यार्थी बा.वि. केन्द्रको अध्ययन पश्चात आउने गरेका छन आदि पक्षले बा.वि. केन्द्रको प्रभाव देखाउने गर्दछ ।

४.२.१ बा.वि. केन्द्र संचालन अगाडिका तीन वर्षहरु र बा.वि. केन्द्र संचालन पछाडिका तीन वर्षहरुमा कक्षा एक को विद्यार्थीको अवस्था :-

अध्ययनमा परेका छ वटै विद्यालयहरुमा बा.वि. केन्द्र संचालन अगाडिका तीन वर्षहरु र बा.वि. केन्द्र संचालन पछाडिका तीन वर्षहरुको विद्यार्थीहरुको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । बा.वि.केन्द्र संचालन  अगाडिका तीन वर्षहरु २०६१, २०६२ र २०६३ श्री जनता नि.मा.वि.मा विद्यार्थी संख्या क्रमश ४२,४८ र ५२, त्यसरीनै सूर्यज्योति प्रा.वि.मा ५६, ५० र ५५, पञ्चज्योति नि.मा.वि मा ५२ ५० र ५०, श्री  जनता नि.मा.वि.मा ४४, ५१ र ५५, श्री हरीदेव प्रा.वि.मा ४०, ४८ र ४९, श्री सरस्वती प्रा.वि. मा ५९, ५९ र ६२ देखिन्छ । भने बा.वि. केन्द्र संचालनका पछाडिका वर्षहरु २०६४, २०६५ र २०६६ मा विद्यार्थी संख्या क्रमश श्री जनता नि.मा.वि.मा ५२, ६३ र ७८, त्यसरीनै सूर्यज्योति प्रा.वि.मा ५६, ६१ र ६५, पञ्चज्योति नि.मा.वि मा ५१, ५८ र ६३, श्री  जनता नि.मा.वि.मा ४७, ५३ र ५९, श्री हरीदेव प्रा.वि.मा ५२, ५८ र ६३, श्री सरस्वती प्रा.वि. मा ५५, ५९ र ६९ देखिन्छ । तुलनात्मक रुपमा अध्ययन गर्दा बा.वि.केन्द्र संचालन अगाडिका तीन वर्षहरु भन्दा बा.वि.केन्द्र संचालन पछाडिका तीन वर्षहरु मा विद्यार्थीहरुको वृद्धि दर उच्च देखिन्छ । श्री जनता नि.मा.वि.मा बा.वि.केन्द्र संचालन

अगाडिका वर्षहरु २०६२ र २०६३ मा वृद्धि दर क्रमश १४.२% र ८% रहेकोमा बा.वि. संचालन पछाडिका वर्षहरु २०६५ र २०६६ मा क्रमश १७% र ११% देखिन्छ । त्यसरीनै सूर्यज्योति प्रा.वि.मा २०६२ र २०६३ मा २०६२ मा विद्यार्थी संख्या घटेको र २०६३ मा वृदि दर १०% ले भएको छ भने २०६५ र २०६६ मा वृद्धि दर क्रमश ९% र ६.५% देखिन्छ । श्री पञ्चज्योति नि.मा.वि.मा २०६२ र २०६३ मा विद्यार्थी संख्यामा वृद्धि भएको देखिदैन तर २०६५ र २०६६ मा वृद्धि दर क्रमश ५.८% र २०% देखिन्छ । श्री जनता नि.मा.वि.मा  २०६२ र २०६३ वृद्धि दर ज्यादै न्यून देखिन्छ भने २०६५ र २०६६ क्रमश १२.८% र ११.३% देखिन्छ । हरीदेव प्रा.वि.मा २०६२ र २०६३ मा वृद्धि क्रमश   २०% र २.१% भने २०६५ र २०६६ मा सो वृद्धि दर क्रमश ११.५% र ९% ले भएको देखिन्छ । श्री सरस्वती प्रा.वि.मा २०६२ सालमा विद्यार्थी संख्यामा वृदि भएको देखिदैन तर २०६३ सालमा ५% ले वृदि भएको देखिन्छ । २०६५ र २०६६ मा वृदि दर क्रमश ३.७% र १६.९% देखिन्छ । समग्र रुपमा ६ वटै विद्यालयमा बा.वि.केन्द्र संचालन अगाडिका वर्षहरु २०६२ र २०६३ क्रमश ३.७% र ४.८% ले भएको मा बा.वि. संचालन पछाडिका वर्षहरु २०६५ र २०६६ मा क्रमश ८.६% र १६% ले वृद्धि भएको देखिन्छ । (अनुसूची २)

यसरी बा.वि.केन्द्रं संचालन अगाडिका तीन वर्षहरु र बा.वि.केन्द्र संचालन पछाडिका तीन वर्षहरुमा कक्षा एकको विद्यार्थीहरुको वृदि दर हेर्दा बा.वि.केन्द्र संचालन पछाडिका वर्षहरुमा विद्यार्थी संख्यामा वृद्धि दर उच्च देखिन्छ । यसको अर्थ बा.वि. केन्द्र अध्ययनको कारणले बालवालिकाहरुमा विद्यालय जाने वानीको विकास, विद्यालय प्रतिको सकारात्मक धारणा, अभिभावकहरुको विद्यालय प्रतिको चासोको कारण हुन सक्दछ ।

### ४.२.२  कक्षा एकमा बा.वि.केन्द्रवाट भर्ना हुने विद्यार्थीको अनुपात

बा.वि.केन्द्रवाट कक्षा एकमा आउने विद्यार्थीको अनुपात भन्नाले कक्षा एकमा भर्ना भएका विद्यार्थीहरु मध्ये बा.वि.केन्द्रको अध्ययनवाट कति बालवालिकाहरु कक्षा एकमा आउने गरेका छन भन्ने पक्षलाई देखाउन खोजिएको छ । यहाँ शैक्षिक सत्र २०६६ सालको छनौटमा परेका छ वटै विद्यालयहरुको कक्षा एकको विद्यार्थी संख्यालाई प्रस्तुत गरिएको छ

तालिका ३

कक्षा एकमा भर्ना हुने विद्यार्थी

| क.स. | विद्यालयको नाम | कक्षा एकको जम्मा संख्या | | | बा.वि.केन्द्रवाट भर्ना भएका बलवालिकाहरु | | | | सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरु | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | % | छात्र | छात्रा | जम्मा | % |
| १ | श्री जनता नि.मा.वि. इन्द्रपुर | २९ | ४१ | ७० | १८ | २४ | ४२ | ६० | १२ | १६ | २८ | ४० |
| २ | श्री सूर्यज्योति प्रा.वि. हरैचा | ३२ | ३३ | ६५ | २० | २३ | ४३ | ६६.२ | १२ | १० | २२ | ३३.८ |
| ३ | श्री पञ्चज्योति प्रा.वि.वेलवारी | २९ | ३४ | ६३ | १९ | १८ | ३७ | ५८.७ | १० | १५ | २५ | ४१.३ |
| ४ | श्री जनता नि.मा.वि.दुलारी | ३० | २९ | ५९ | २१ | २६ | ४७ | ७९.७ | ०९ | ०३ | १२ | २०.३ |
| ५ | श्री हरीदेव प्रा.वि.सुन्दरपुर | २८ | ३५ | ६३ | २२ | २५ | ४७ | ७४.६ | ६ | १० | १६ | २५.४ |
| ६ | श्री सरस्वती प्रा.वि.मृगौलिया | ३३ | ३६ | ६९ | २७ | २२ | ४९ | ७१ | ६ | १४ | २० | २९ |

स्रोत :- Flash II २०६५

अध्ययनमा परेका ६ वटै विद्यालयहरुमा सिधै कक्षा एकमा भर्ना भएका विद्यार्थीहरु भन्दा बा.वि.केन्द्रवाट कक्षा एकमा भर्ना भएका विद्यार्थीहरुको संख्या वढी देखिन्छ। विद्यालयहरु क्रमश श्री जनता नि.मा.वि.मा बा.वि.केन्द्रको अध्ययन वाट आउने र सिधै कक्षा एकमा आउने विद्यार्थीहरु को प्रतिशत क्रमश ६०% र ४०%, त्यसरीनै सुर्यज्योति प्रा.वि.मा ६६.२% र ३३.८%, श्री पञ्चज्योति नि.मा.वि.मा ५८.७% र ४१.३%, हरीदेव प्रा.वि.मा ७९.७% र २०.३%, श्री


सरस्वती प्रा.वि.मा ७१% र २९% र जनता नि.मा.वि.मा ७९.७% र २२.३% देखिन्छ । समग्ररुपमा अध्ययनमा परेका छ वटै विद्यालयको प्रतिशत हेर्दा बा.वि.केन्द्रको अध्ययनवाट कक्षा एकमा आउनेको प्रतिशत ६८.४% र सिधै कक्षा एकमा आउनेको प्रतिशत ३१.६% देखिन्छ । तसर्थ कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको ठूलो प्रतिशत वालविकास केन्द्रले ओगेटेको छ ।

त्यसैगरी बा.वि.केन्द्रले कक्षा एकको विद्यार्थी भर्नामा प्रभाव पारेको छ कि छैन भनी सरोकारवालाहरु शिक्षक, प्र.अ. र सम्वन्धित स्रोत व्यक्ति संग प्रश्न गर्दा शिक्षकहरु र प्र.अ.हरुले बा.वि.केन्द्रको सकारात्मक प्रभाव कक्षा एकमा परेको जसको कारण कक्षा एक को विद्यार्थी संख्यामा वृद्धि भई सिकाइमा समेत सहज भएको जानकारी गराए भने वि.ब्य.स.अध्यक्षहरुले यस विषयमा अनभिज्ञता व्यक्त गरे । सम्वन्धित स्रोत केन्द्रका स्रोत व्याक्तिले बा.वि.केन्द्र संचालन पश्चात (२०–२५)% सम्म विद्यार्थी वृदि भएको, सिकाइमा सहज भएको र शैक्षिक उपलब्धि पनि उच्च रहेको तर अझैपनि सवै बालवालिकाहरुलाई बा.वि.केन्द्रको पहुच पुऱ्याउन नसकिएको तथ्य जानकारी गराए ।

समग्ररुपमा भन्नु पर्दा विद्यालयवाट प्राप्त तथ्याङ्क र सम्वन्धित सरोकारवालाहरुले दिएको प्रतिक्रियाका आधारमा भन्न सकिन्छ कि बा.वि.केन्द्र संचालन पश्चात कक्षा एकको विद्यार्थी भर्नामा वृद्धि भएको छ । त्यसकारण कक्षा एकको विद्यार्थी वढाउनमा र सिकाइ उपलब्धि उच्च राख्न बा.वि.केन्द्रले सकारात्मक भूमिका खेलेको छ (जसलाई चित्रमा निम्नरुपमा देखाइएका

चित्र :- ४

कक्षा एकमा भर्ना हुने विद्याथी




स्रोत :- Flash II २०६५

### ४.२.३ कक्षा एकमा भर्ना भएका विद्यार्थीहरु मध्ये कक्षा छाड्ने विद्यार्थीहरुको अनुपात

कक्षा एकमा भर्नाभएका मध्ये कति प्रतिशतले कक्षा छाड्ने गर्दछन्, कक्षा छाड्ने विद्यार्थीहरु मध्ये बा.वि.केन्द्रको अध्ययनवाट कक्षा एकमा आउने र सिधै कक्षा एकमा आउनेको प्रतिशत

संख्या के कस्तो रहेको छ । जसले पनि बा.वि.केन्द्रको प्रभाव देखाउने गर्दछ । ६ वटै विद्यालयको २०६५ सालको कक्षा छाड्ने विद्यार्थीको तथ्याङ्क निम्न रुपमा प्रस्तुत गरिएको छ :-

तालीका ४

कक्षा छाड्ने विद्यार्थीहरुको अनुपात

| क.स. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | कक्षा छाड्ने को संख्या | बा.वि.केन्द्रवाट भर्ना भएका मध्ये कक्षा छाड्नेको | | सिधै कक्षा एकमा भर्ना भएका मध्ये कक्षा छाड्नेको | |
|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | % | संख्या | % |
| १ | श्री जनता नि.मा.वि. इन्द्रपुर | ६३ | ०६ | ०२ | ३३.३ | ०४ | ६६.६ |
| २ | श्री सुर्यज्योति प्रा.वि.हरैचा | ६० | ०४ | ०१ | २५ | ०३ | ७५ |
| ३ | श्री पञ्चज्योति प्रा.वि.वेलवारी | ४८ | --- | --- | ० | --- | ० |
| ४ | श्री जनता नि.मा.वि.दुलारी | ५३ | ०३ | ०२ | ६६.६ | ०१ | ३३.३ |
| ५ | श्री हरीदेव प्रा.वि.सुन्दरपुर | ५८ | ०४ | ०१ | २५ | ०३ | ७५ |
| ६ | श्री सरस्वती प्रा.वि.मृगौलिया | ५९ | ०३ | --- | --- | ०३ | १०० |


स्रोत :-फ्लास-II (२०६५)

तालिका न. ४ अध्ययन गर्दा छनौटमा परेका छ वटै विद्यालयहरुमा कक्षा छाड्ने दर उच्च नदेखिएता पनि कक्षा छाड्ने विद्यार्थीहरु मध्ये सिधै कक्षा एकमा भर्ना भएका विद्यार्थीहरुको कक्षा छाड्ने दर उच्च देखिन्छ । विद्यालयहरु क्रमश श्री जनता नि.मा.वि. मा कक्षा एकमा ६३ विद्यार्थीहरु मध्ये ६ जनाले कक्षा छाडेका जसका बा.वि.केन्द्र वाट आउने मध्ये

३३.३% र सिधै कक्षा एकमा आउने मध्ये ६६.६६% विद्यार्थीहरुले कक्षा छाडेको देखिन्छ । त्यसैगरी सुर्यज्योति प्रा.वि.मा ४ जनाले कक्षा छाडेका जसमा बा.वि.केन्द्र वाट आउनेको प्रतिशत २५% र सिधै कक्षा एकमा आउनेको प्रतिशत ७५% देखिन्छ । पञ्चज्योति नि.मा.वि.मा जम्मा ४८ मध्ये कसैले पनि कक्षा छाडेको देखिदैन । जनता नि.मा.वि मा ५३ विद्यार्थी मध्ये ३ जनाले कक्षा छाडेका जसमा बा.वि.केन्द्रवाट आउनेको प्रतिशत ६६.६६% र सिधै कक्षा एकमा आउनेको प्रतिशत ३३.३३% देखिन्छ । हरीदेव प्रा.वि मा ४ जनाले कक्षा छाडेका जसमध्ये बा.वि.केन्द्र वाट आउने २५% र सिधै कक्षा एकमा आउने ७५% देखिन्छ । त्यसैगरी सरस्वती प्रा.वि.मा ३ जनाले कक्षा छाडेको जसमा सवै १००% नै सिधै कक्षा एकमा आउने रहेको देखिन्छ । समग्र रुपमा भन्दा कक्षा छाड्ने विद्यार्थीहरु मध्ये ३०% बा.वि. केन्द्रवाट आउने र ७०% सिधै कक्षा एकमा आउने विद्यार्थी रहेको देखिन्छ । जसलाई चित्रद्धारा निम्नानुसार देखाईएको छ :-

चित्र :-५

कक्षा छाड्ने विद्यार्थीहरुको अनुपात




स्रोतः-फ्लास-II

मन्टेश्वरीका अनुसार शिक्षा भन्नु नै विकास हो । जुन बालवालिकाहरुको मन भित्र वाट आउनु पर्दछ । स्वतन्त्र वातावरणमा मात्र बालवालिकाहरुको आन्तरिक क्षमता प्रस्फुटन हुन्छ । सानै उमेरदेखि उपयुक्त तालिम पाएमा सिक्ने कार्य सरल, सहज र वलियो हुन्छ । सानै उमेरदेखि उचित शिक्षा पाएमा उनीहरुमा वानीको विकास हुन्छ, व्यवहारमा सुधार आउदछ जसको प्रभाव पछिल्ला दिनहरुमा प्रत्यक्ष रुपमा देख्न पाइन्छ ।

यसरी मन्टेश्वरीले भने झै माथिको तथ्याङ्कले पनि के देखाउदछ भने बा.वि. केन्द्र अध्ययनकै कारणले विद्यालयमा विद्यार्थी संख्यामा वृदि भएको छ कक्षा एकको जम्मा संख्या मध्ये ठूलो भाग बा.वि.केन्द्रले ओगटेको, बा.वि.केन्द्र अध्ययन गरेका बाववालिकाहरु ज्यादै न्यून मात्रामा कक्षा छाड्ने गरेको देखिन्छ । जसको कारण कक्षा एक नभएर बा.वि. केन्द्र हो भन्ने कुराको पुष्टि हुन्छ ।

## ४.३ बालविकास केन्द्रमा देखिएका समस्याहरु

बा.वि. केन्द्रमा आउने साना बालवालिकाहरुको लागि उनीहरुको स्तर सुहाउदो आवाश्यक भौतिक तथा शैक्षिक सामग्रीको आवाश्यक्ता पर्दछ । जसलाई खेलप्रधान र प्रयोगात्मक तरिकाले बालवालिकाहरुको उपयुक्त बानीको विकास गराउनु पर्दछ भनी बा.वि. निर्देशिकाले उल्लेख गरेको छ । तथापि सो पक्षलाई सैद्धान्तिक रुपमा मात्र लिएर कक्षा संचालन भएको पाउँदछौं । ब्यवहारमा पूर्ण रुपमा उतार्न सकेको देखिदैन । बा.वि.केन्द्रका बालवालिकाहरुमा सामाजिक, वौद्धिक, शारीरिक र संवेगात्मक पक्षको विकास गरी राष्ट्रका निम्ति भविष्यका कर्णाधार बन्ने बालवालिकाहरुको हक हित एवं अधिकारको संरक्षण र संवद्धन गर्ने तथा वातावरण संग सामञ्जस्य कायम गर्दै बाच्नको लागि सामाजिक रुपमा घुलमिल हुने आधारभूत सीपको विकास गर्ने उद्देश्य अनुरुपका पाठ्यक्रमहरु तयार भएता पनि नीति अनुरुप कार्यान्वयन पक्ष त्यति सजिलो छैन । यसरी सहज नहुदा नहुदै पनि विविध समस्याहरुसँग सघर्ष गर्दै पनि बा.वि. केन्द्रवाट लाभ लिएकै छौ । यस मोरङ जिल्लाको इन्द्रपुर स्रोत केन्द्रमा स्थलगत अध्ययन गर्ने क्रममा बा.वि.केन्द्रको भौतिक, शैक्षिक, प्रशासनिक र वैयत्तिक पक्षको अवस्था बुझ्न सरोकारवालाहरु संग प्रश्नावली, अन्तरवार्ता, प्रत्यक्ष भेटघाट र प्रत्यक्ष अवलोकन वाट प्राप्त समस्याहरुलाई निम्न रुपमा उल्लेख गरिएको छ ।

### ४.३.१ भौतिक ब्यवस्था सम्वन्धी समस्या :-

(क) कक्षा कोठा

बा.वि.केन्द्रमा अध्ययनका लागि आउने साना बालवालिकाहरुलाई उनीहरुको शारीरिक अवस्था अनुसारको कक्षा कोठाको ब्यवस्था भएको हुनु पर्दछ । तर अध्ययनमा परेका सवै बा.वि. केन्द्रहरुमा बा.वि. केन्द्रको लागि निमार्ण गरिएको भवन नभएर विद्यालयको कुनै एक कोठालाई प्रयोगमा ल्याएको देखिन्छ । जुन कक्षा कोठा साना बालवालिकाहरुको लागि उपयुक्त देखिदैन । त्यसैगरी बा.वि. निर्देशिकाले २०-२५ जना सम्म मात्र एक कक्षा कोठामा राख्नु पर्ने

उल्लेख गरेता पनि सो पक्षलाई ध्यान नदिएको देखिन्छ । भएका कक्षा कोठाहरुम पनि प्रकाशको व्यवस्था नभएको, रङरोकन नगरिएको, झ्याल ढोका टुटे फुटेका, ज्यादै गर्मी अवस्था देखिन्छ ।

(ख) फर्निचर

बा.वि.केन्द्रमा आउने साना बालवालिकाहरुको लागि उनीहरुको शारीरिक अवस्था अनुसारको बस्ने फर्निचर, पिरा , कार्पेट, गुन्द्री आदिको व्यवस्था हुनुपर्दछ । साना बालवालिकाहरुको लागि डेक्स वेन्च भन्दा भुइँमा सहज तरिकाले बस्न मिल्ने गरी पिरा, कार्पेट गुन्द्रीको आवाश्यकता पर्दछ । अध्ययनमा परेका ६ वटा बा.वि. केन्द्र मध्ये २ वटामा मात्र बालवालिकाहरु बस्नको लागि गुन्द्री र कार्पेटको ब्यवस्था गरेको देखिन्छ भने ४ वटा बा.वि. केन्द्रमा ठूला विद्यार्थीहरुको लागि निमार्ण गरिएका फर्निचरहरु वाट नै काम चलाएको देखिन्छ । भएका गुन्द्री, कार्पेट, फर्निचरहरु पनि विद्यार्थी संख्याको आधारमा पर्याप्त छैनन् । कक्षा कोठामा शैक्षिक सामग्री राख्नको लागि दराज टेवुलको अभाव देखिन्छ ।

(ग) खेलमैदान

बा.वि. केन्द्रका बालवालिकाहरुलाई पूर्णरुपमा खेलमा आधारित भई अध्यापन गराउनु पर्दछ भनी निर्देशिकाले उल्लेख गरेको छ । तर अध्ययनमा परेका सवै बा.वि.केन्द्रहरुमा उपयुक्त किसिमको खेलमैदानको ब्यवस्था गरेको देखिदैन । भएका साना खेलमैदानहरु पनि असुरक्षित, घेरावारा नगरिएको चट्टान नै चट्टान भएको देखिन्छ । मौसम अनुकुल नभएको कारण पटक-पटक दुर्घटना हुने गरेको कुरा सहयोगी कार्यकतावाट प्राप्त भयो ।

(घ) पिउने पानी

बा.वि.केन्द्रहरुमा पिउने पानीको आभाव देखिन्छ । अध्ययनमा परेका ६ वटै बा.वि. केन्द्रहरु मध्ये ४ वटा केन्द्रमा विद्यालय परिसर भित्र पानी पिउनको लागि धारा, ट्यूवेलको ब्यवस्था गरिएको तर भएका धारा ट्यूवेलहरु पनि बा.वि. केन्द्रका बालवालिकाहरुको लागि मात्र नभएर विद्यालयका ठूला विद्यार्थीका लागि ब्यवस्था गरिएको भने २ वटा बा.वि. केन्द्रहरुमा त विद्यालय परिसर भित्र धारा, ट्यूवेलको ब्यवस्था गरिए पनि संचालनमा नरहेको र पानी पिउनको लागि विद्यालय परिसर वाहिर आश्रित हुनु पर्ने देखिन्छ । प्रत्यक्ष अवलोकन गर्दा केही

बालवालिकाहरुले घरवाट नै बोतलमा पानी ल्याउने गरेको देखिन्छ । यसको अर्थ बा.वि.केन्द्रमा शुद्ध पानी होइन पिउने पानीकै अभाव देखिन्छ ।

(ङ) शौचालय

अध्ययनमा परेका ६ वटै बा.वि. केन्द्रहरुमा सामान्य शौचालयको ब्यवस्था भएता पनि बा.वि.केन्द्रका साना बालवालिकाहरुको लागि उपयुक्त देखिदैन । भएका शौचालयहरु पनि पक्की नभएर कच्ची छन् । वेला वेलामा सरसफाइ नगरेको कारण शौचालय ज्यादै दूषित भएको तथ्य प्रत्यक्ष अवलोकनवाट देख्न सकिन्छ  जसका कारण शौचालयको प्रयोग गर्न सहज देखिदैन । जहाँ शौचालय छ त्यहाँ पानीको ब्यवस्था भएको देखिदैन । त्यसैगरी बालवालिकाहरुको अनुपातमा शौचालयको अपुग देखिन्छ  जसले गर्दा स्वास्थ्य र सरसफाइ सम्वन्धी अवधारणाको विकास गराउन र सही तरिकाले शौचालयको प्रयोग गर्ने वानीको विकास गराउन कठिन भएको वुझिन्छ ।

यसरी बा.वि. केन्द्रको भौतिक ब्यवस्था सम्बन्धी विविध समस्या वारे श्री जनता नि.मा.वि का प्र.अ. लाई प्रश्न गर्दा विद्यालयमा आर्थिक अभाव भएको, विद्यालयको अन्य कुनै आर्थिक स्रोत नभई जिल्लावाट प्राप्त न्यून आर्थिक स्रोतले काम चलाउनु परेको जसका कारण बा.वि.केन्द्रमा देखिएको समस्यालाई विद्यालयले चाहदाचाहदै पनि समस्या समाधान गर्न नसकिएको कुरा बताउनु हुन्छ । सोही विषयमा सम्वन्धित क्षेत्रका स्रोत व्यक्तिलाई प्रश्न गर्दा बा.वि.केन्द्रको स्थापना अनुसार भौतिक पक्षमा भने विकास गर्न नसकिएको स्वीकार गर्नुहुन्

### ४.३.२ शैक्षिक सामग्री सम्बन्धी समस्या

शैक्षिक सामग्रीको अभावमा प्रयोग प्रदर्शन तथा उपयुक्त ज्ञान दिन सकिदैन । अझ भन्ने हो भने शैक्षिक सामग्रीको ब्यवस्था राम्रो भएन भने पाठ्यक्रमले राखेका उद्देश्यहरु पूरा हुदैनन् । तसर्थ बा.वि. केन्द्रमा पर्याप्त शैक्षिक सामग्रीको आवाश्यकता पर्दछ । अध्ययन गरिएका बा.वि.केन्द्रहरुमा पर्याप्त शैक्षिक सामग्रीको अभावका कारणले सहज तरिकाले अध्यापन गराउन कठिनाई भएको सहयोगी कार्यकर्ताहरु गुनासो गर्दछन् । अध्ययन गरिएका बा.वि. केन्द्रहरुमा चित्र, तस्विर, गुडिया, ऐना, काइयो, रङ्गीन कागज, कलर पेन्सिल, पाठ्यक्रम, स.का.निर्देशिका,

वाल पुस्तिका,कथा कविता पुस्तिका आदि रहेता पनि पाठ्यक्रमले उल्लेख गरे वमोजिम शैक्षिक सामग्री छैनन् । भएका शैक्षिक सामग्रीहरु पनि टुटेफुटेका, च्यातिएका, विग्रिएका देखिन्छन् । यसरी पर्याप्त शैक्षिक सामग्री नहुनाका कारण हरीदेव प्रा.वि.की स.का लाई प्रश्न गर्दा बा.वि. थालनी वर्ष केही शैक्षिक सामग्री किनेको र हाल सम्म विद्यालयले कुनै शैक्षिक सामग्री आर्थिक अभाव देखाउदै नकिनेको वताउछिन् । तर प्राय सवै बा.वि. केन्द्रहरुमा स.का.ले केही मात्रामा स्थानीय शैक्षिक सामग्रीको व्यवस्था गरेको देखिन्छ ।

### ४.३.३ व्यवस्थापकीय समस्या

बा.वि.केन्द्रहरु विद्यालयमा संचालन भएकोले विद्यालय व्यवस्थापन समिति नै बा.वि.केन्द्रको व्यवस्थापन समिति रहेको देखिन्छ । उनीहरुलाई कुनै पनि संङ्घ संस्था तथा निकायले बा.वि.केन्द्र संचालन सम्बन्धी तालिम प्रदान गरेको देखिएन । बा.वि. निर्देशिकाले बा.वि.केन्द्र संचालनमा अधिक स्थानीय स्रोत साधनको उपयोग वा खोजी गर्नुपर्ने उल्लेख गरेता पनि केन्द्रलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि स्थानीय स्रोत साधनको परिचालन, मानवीय स्रोतको परिचालन, केन्द्रको भौतिक व्यवस्था, खेल तथा शैक्षिक सामग्रीको आपूर्ती, आर्थिक स्रोतको क्षेत्र पहिचान गर्ने व्यवस्थापकीय ज्ञान कमी र भएको ज्ञानलाई प्रयोग गर्ने क्षमताको अभावका कारणले केन्द्रको व्यवस्थापकीय पक्ष कमजोर भएको देखिन्छ साथै सरकारी र गैर सरकारी संघ सस्था, व्यवस्थापन समिति, अभिभावकहरुको एक आपसमा समन्वयको अभाव देखिन्छ । भएको समन्वय र समझदारी कार्यान्वयन हुन नसकेको तथ्य व्यवस्थापन समिति स्वीकार गर्दछ ।

### ४.३.४ निरीक्षण र मूल्याङ्कन सम्बन्धी समस्या

बा.वि. केन्द्रको भौतिक अवस्था के कस्तो छ ? बा.वि.केन्द्रका लागि के के सामग्री तथा सुविधाहरु उपलब्ध भएका छन ? कुन सामग्रीको अभाव छ ? भएका सामग्रीलाई कसरी प्रभावकारी तरिकाले प्रयोग गर्ने ? अध्यापन कार्य कसरी भएको छ ? स.का.नियमित उपस्थित छन् छैनन् ? बालवालिकाहरु नियमित छन् छैनन् ? अध्यापन कार्य संचालन गर्दा के कस्ता समस्याहरु आइपरेका छन ? आदि पक्षमा सम्बन्धित सरोकारवालाहरु प्र.अ., वि.व्य.स.,

सम्बन्धित क्षेत्रका स्रोत व्यक्ति ले नियमित निरीक्षण र मूल्याङ्कन गर्नु पर्दछ । जुन पक्ष बा.वि.केन्द्रको लागि मार्ग निर्देश वन्न जान्छ ।

अध्ययन क्षेत्रमा परेका ६ वटै विद्यालयका सम्वन्धित पक्षसंग प्रश्न गर्दा ३ जना प्र.अ. ले साप्ताहिक रुपमा, २ जनाले मासिक रुपमा र १ जनाले आवाश्यकता अनुसार निरीक्षण र मूल्याङ्कन गर्ने गरेको वताए । वि.ब्य.स अध्यक्षहरुमध्ये ४ जनाले वर्षको १/२ पटक निरीक्षण गर्ने गरेको र २ जनाले त बा.वि. केन्द्रको निरीक्षण गर्नु पर्दछ भन्ने जानकारी नै नभएको कुरा वताए । त्यसैगरी सम्वन्धित क्षेत्रका स्रोत ब्यक्तिले निरीक्षण नियमित रुपमा गर्नु पर्ने तर अन्य कामको बोझले बा.वि.केन्द्रको निरीक्षण र मूल्याङ्कन आवाश्यकता अनुसार गर्न नसकेको वताए । निरीक्षण र मूल्याङ्कन कै विषयमा श्री पञ्चज्योति बा.वि.केन्द्र कि स.का लाई प्रश्न गर्दा वेला वेलामा निरीक्षण हुने गरेको तर आफूलाई बा.वि. केन्द्रको वारेमा कुनै सुझाव नदिएको जानकारी गराइन् । यसरी सम्वन्धित पक्षको जानकारी अनुसार निरीक्षण र मूल्याङ्कन पक्ष कमजोर भएको वुझिन्छ ।

### ४.३.५ स्थानीय स्रोत परिचालन र अन्य समस्या

बा.वि. निर्देशिका ले अधिकतम रुपमा स्थानीय स्रोतको परिचालन गरी बा.वि.को लागि आवाश्यक भौतिक र आर्थिक पक्ष पूर्ण वनाउनु पर्ने कुरा उल्लेख गरेको छ । अध्ययन अवलोकनको क्रममा यस स्रोत केन्द्र अन्तरगतका बा.वि.केन्द्रहरुमा स-साना समस्या सुल्झाउन पनि आर्थिक सहयोगको लागि माथिल्लो निकायको मुख ताक्नु पर्ने अवस्था देखियो । समस्या समाधानको लागि स्थानीय स्रोतको परिचालन भएको देखिएन  जसका कारण बा.वि.केन्द्रमा आउने बालवालिकाहरुको लागि खाजाको ब्यवस्था, पौष्टिक आहार, स्वास्थ्य परीक्षण, पूर्णरुपमा शैक्षिक सामग्रीको ब्यवस्था र आवाश्यक खेल सामग्री जुटाउन सकेको देखिदैन । बा.वि. केन्द्रमा आउने बालवालिकाहरु गरिवीको कारणले भोकभोकै आउनु पर्ने जसका कारण केन्द्रमा अतिरिक्त क्रियाकलाप गर्न असहज भएको कुरा स.का.हरु वताउदछन् । साथै अभिभावकहरु पनि बा.वि.केन्द्रमा बालवालिकाहरुको लागि खाजाको ब्यवस्था गरिदिए हुन्थ्यो भन्ने राय ब्यक्त गर्दछन् ।

### ४.३.६  सहयोगी कार्यकर्ता सम्बन्धी समस्या

कुनै पनि एक बा.वि.केन्द्रमा २५ जना सम्म बालवालिकाहरु राख्नु पर्ने, दिनको ४ घण्टा अध्यापन गर्नु पर्ने, सार्वजनिक विदा वाहेक विरामी विदा १२ दिन र भइपरी आउने विदा ६ दिन लिन पाउने ब्यवस्था बा.वि. निर्देशिकाले उल्लेख गरेको छ । तर अध्ययन मा परेका सवै बा.वि. केन्द्रहरुमा बालवालिकाहरुको संख्या ३०-४० जना सम्म रहेका र स.का. एक जना मात्र भएको देखिन्छ । जसका कारण स.का. विदामा बसेको दिन बा.वि.केन्द्र नै बन्द गर्नु पर्ने बाध्यता छ ।

स.का. पूर्ण रुपमा परिपक्व नभएका अर्थात प्राय सवै स.का.हरु एस.एल.सी. मात्र पास गरेको हुँदा केन्द्रमा अध्यापन गर्नु पर्ने सवै क्षेत्रमा पूर्ण ज्ञान नभएको देखिन्छ । उनीहरुसँग स्वअध्यन सामग्री, शैक्षिक सामग्री, खेलौना, श्रब्य दृष्य सामग्री पर्याप्त मात्रामा नभएको कारण अध्यापनमा कठिनाई भएको वताउदछन् । तालिमको नाममा सवै स.का.ले सेवा प्रवेशका समयमा पाठ्यक्रम परिचयात्मक तथा सामग्री निमार्ण सम्वन्धी दुई हप्ते तालिम लिएको र दुई जनाले एक पटक पूनर्ताजगी  तालिम लिएको र चार जनाले कुनै पनि तालिम लिने अवसर नपाएको वताउदछन् । तसर्थ तालिमको अभावमा बालवालिकाहरुको मनोविज्ञान बुझेर उपयुक्त विधि र सामग्रीको प्रयोग गरी बालवालिकाहरुलाई आवाश्यक क्रियाकलावमा सहभागी गराउन कठिनाइ परेको स.का.हरु वताउदछन् । अध्ययनमा परेका सवै बा.वि.केन्द्रहरु सबै विद्यालयमा संचालित भएको र बा.वि.केन्द्रमा अध्ययन गर्ने बालवालिकाहरु त्यसै विद्यालयमा अध्ययन गर्ने दिदी, दाजुसंग आउने गरेका र विद्यालयको समय पनि १०-४ वजे सम्म अध्यापन गराउनु पर्ने वा बालवालिकाहरुलाई हेरदेख गर्नु पर्ने बाध्यता मुख्य रुपले बताउदछन् जुन निर्देशिकाले उल्लेख गरे भन्दा वढी समय हुन आउदछ । स.का.को पारिश्रमिकको सम्वन्धमा सरकारले हालै मात्र १२०० वाट १८०० पुऱ्याएको र सो पारिश्रमिक ज्यादै न्यून भएको गुनासो गर्दछन् । दिनको ५/६ घण्टा गर्दा पनि पारिश्रमिकले दुइ छाक टार्न नपुगे पछि आफ्नो पेशा प्रति निराशा देखिन्छन् । पारिश्रमिक कम भएकै कारण स.का.हरु केन्द्रमा क्रियाकलाव संचालन गर्नका लागि आवाश्यक पर्ने निर्माण तथा संकलन गर्न तथा सामग्री अध्ययन गर्ने र आवाश्यक ज्ञान लिने जस्ता काममा असमर्थ भएको उल्लेख गर्दछन् ।

फ्रोवेल, मन्टेश्वरी का शैक्षिक अवधारणा अनुसार बालवालिकाहरुलाई शिक्षा प्रदान गर्न खेलको माध्यम, गीतको माध्यम र प्रयोगात्मक तरिकाले स्वतन्त्र वातावरणमा स्वसिकाइ गर्न

निश्चित तोकिएका शैक्षिक सामग्रीहरु मात्र प्रयाप्त हुदैन । उनीहरुलाई अवस्था अनुसार भौतिक, शैक्षिक र मानवीय सम्पूर्ण पक्षमा भरिपूर्ण वनाउनु पर्दछ जसका कारण उनीहरुको विकास स्वतस्फुर्त रुपमा हुन्छ । तर हाम्रा बा.वि. केन्द्रहरुमा भौतिक, शैक्षिक र मानवीय सम्पूण पक्षमा समस्या देखिएको पाउदछौ । जसका कारण बा.वि.केन्द्रले उल्लेखिनीय उपलब्धी हासिल गर्न सकेको छैन । बा.वि.केन्द्रमा देखिएको समस्या सामाधान गर्नको लागि बा.वि. केन्द्रमा लगानी बढाउनु पर्ने देखिन्छ ।

# परिच्छेद–पाँच

# अध्ययनका प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ अध्ययनका प्राप्तीहरु

बा.वि.केन्द्रले कक्षा एकको सिकाइ उपलब्धीमा पारेको प्रभावको अध्ययन मोरङ जिल्लाको इन्द्रपुर स्रोत केन्द्र अन्तरगत ६ वटा बा.वि.केन्द्रहरुमा गरिदा संकलित सूचना एवं तथ्याङ्कहरुको विश्लेषणका आधारमा निम्न अनुसारका प्राप्तीहरु प्रस्तुत गरिएको छ :-

(क) बा.वि.केन्द्रवाट कक्षा एकमा आएका बालवालिकाहरु र सिधै कक्षा एकमा आएका बालवालिकाहरुको विषयगत औषत उपलब्धी बा.वि. केन्द्रवाट कक्षा एकमा आएका बालवालिकाहरुको उच्च देखिन्छ ।

(ख) बा.वि. केन्द्रवाट कक्षा एकमा आएका बालवालिकाहरुको शारीरिक शिक्षा र सिर्जनात्मक शिक्षामा सिधै कक्षा एकमा आएका बालवालिकाहरुको तुलनामा ज्यादै उच्च देखिन्छ ।

(ग) बा.वि.केन्द्रवाट कक्षा एकमा आएका बालवालिकाहरु र सिधै कक्षा एकमा आएका बालवालिकाहरुको १० महिनाको मासिक औषत उपस्थिति अध्ययन गर्दा बा.वि. केन्द्रको अध्ययन पश्चात कक्षा एकमा आउने बालवालिकाहरुको उच्च पाइयो ।

(घ) बा.वि.केन्द्रबाट कक्षा एकमा आएका बालवालिकाहरुले सरसफाइमा ध्यान दिएको पाइयो ।

(ङ) बा.वि.केन्द्रवाट कक्षा एकमा आएका बालवालिकाहरुको कक्षा कार्य, गृह कार्यमा वढी सहभागीता पाइयो ।

(च) सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरु भन्दा बा.वि.केन्द्रको अध्ययनवाट कक्षा एकमा भर्ना भएका बालवालिकाहरुलाई सिकाउन सहज भएको देखियो ।

(छ) सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरु भन्दा बा.वि.केन्द्रको अध्ययन पश्चात कक्षा एकमा भर्ना भएका बालवालिकाहरुले शिक्षकसँग राम्रो सम्वन्ध राख्ने, साथीसंग मिलेर बस्ने, कक्षामा छिटो समायोजन हुने र विषयगत उत्सुकता ज्यादा देखाउने गरेको पाइन्छ

(ज) अध्ययनमा परेका सवै बा.वि.केन्द्रहरुमा बा.वि.केन्द्र संचालन अगाडिका वर्षहरुमा भन्दा बा.वि.केन्द्र संचालन पछाडिका वर्षहरुमा कक्षा एकामा विद्यार्थी संख्यामा वृद्धि भएको पाइयो ।

(झ) अध्ययनमा परेका ६ वटै विद्यालयहरुमा कक्षा एकमा भर्ना भएका जम्मा बालवालिकाहरु मध्ये ७९.८% बा.वि.केन्द्रवाट आउने गरेका र २०.२% सिधै कक्षा एकमा आउने गरेको तथ्याङ्क प्राप्त भयो ।

(ञ) बा.वि.केन्द्रको अध्ययनवाट कक्षा एकमा आउने बालवालिकाहरुले न्यून मात्रामा कक्षा छाड्ने गरेको पाइयो ।

(ट) अध्ययनमा परेका ६ वटै बा.वि.केन्द्रहरुको बा.वि.केन्द्रका लागि निर्माण गरिएको भवन नभएर विद्यालयको भवनमा केन्द्र संचालन गरेको पाइयो ।

(ठ) अध्ययनमा परेका ६ वटै बा.वि.केन्द्रहरुमा पिउने पानी, खेलमैदान, शौचालयको ब्यवस्था त भएको तर बा.वि.केन्द्रका साना बालवालिकाहरुको लागि अनुकूल छुट्टै ब्यवस्था नगरेको जसका कारण बालवालिकाहरुलाई शुद्ध पिउने पानी, शौचालयको प्रयोग र अतिरिक्त क्रियाकलाप गर्न ठूलो समस्या भएको पाइन्छ ।

(ड) शैक्षिक सामग्रीलाई अध्ययन गर्दा बा.वि.केन्द्रहरुमा पर्याप्त मात्रामा शैक्षिक सामग्री नभएको पाइयो । शैक्षिक सामग्रीहरु सामान्य शैक्षिक चार्ट, वालपुस्तिका, कथा कविताका पुस्तक, पाठ्यक्रम, स.का.निर्देशिका भएको पाइयो तर दुई वटा बा.वि.केन्द्रमा पाठ्यक्रम र स.का.निर्देशिकाको समेत अभाव भई अन्य कक्षा सरह कक्षा संचालन गरेको पाइयो ।

(ढ) बा.वि.केन्दहरुमा नियमित रुपमा निरीक्षण र मूल्याङ्कन भएको पाइएन ।

(ण) बा.वि.केन्द्रका बालवालिकाहरु केन्द्रमा ५-६ घन्टा सम्म विताउने गरेतापनि उनीहरुलाई खाजाको ब्यवस्था गरेको पाइएन ।

(त) अध्ययनमा परेका ६ वटै बा.वि.केन्द्रहरुमा स.का.हरु महिला नै भएको पाइयो ।

(थ) बा.वि.केन्द्रहरुमा निर्देशिकाले निर्देश गरे भन्दा ज्यादा बालवालिकाहरु रहेको पाइयो ।

(द) स.का.हरुलाई सेवा प्रवेशको अवस्थामा पाठ्यक्रम परिचयात्मक र शैक्षिक सामग्री निर्माण सम्वन्धी दुई हप्ते तालिम लिएको तर त्यस पछि कुनै पनि तालिमको अवसर नपाएको जसका कारण अध्यापनमा देखिएका समस्या सामाधान गर्न नसकिएको तथ्याङ्क प्राप्त भयो

(ध) स.का.हरु ५/६ घण्टा सम्म केन्द्रमा विताउनु पर्ने तर पारिश्रमिक ज्यादै न्यून भएको गुनासो प्राप्त भयो ।

(न) ज्यादै न्यून पारिश्रमिकको कारणले बा.वि.केन्द्रप्रति पूर्ण रुपमा समर्पित हुन नसकेको जानकारी स.का. वाट प्राप्त भयो ।

(प) कक्षा एकमा आउने सम्पूर्ण विद्यार्थीहरुलाई बा.वि.केन्द्रमा अध्ययन गर्ने अवसर नपाएको देखियो ।

## ५.२ अध्ययनको निष्कर्ष

देश निर्माणका भविष्यका कर्णधार वन्ने बालवालिकाहरुको हक हित एवं अधिकारको संरक्षण र संवर्धन गर्ने तथा वातावरणसँग सामन्जस्यता कायम गर्दै वाँच्नका लागि सामाजिक रुपमा घुलमिल गर्न सजिलो होस् भन्ने बालवालिकाहरुमा सामाजिक, वौद्धिक, शारीरिक र संवेगात्मक पक्षको विकासको आधार निर्माण गर्नका लागि हाल ७५ वटै जिल्लामा बा.वि. कार्यक्रमहरु विभिन्न नामले लागू भएका छन् । यो अध्ययन बालविकास केन्द्रले शिक्षण सिकाइमा पारेको प्रभाव गर्दा प्राप्त सूचना र तथ्याङ्कको आधारमा निम्न लिखित निष्कर्ष निकालिएको छ :-

(क) बा.वि.केन्द्रहरुमा सिकाइको लागि प्रभाव पार्ने सकारात्मक वातावरणको सिर्जना बा.वि.केन्द्रले गरेको देखियो ।

(ख) बा.वि.केन्द्रले बालवालिकाहरुको शैक्षिक तथा वालमनोविज्ञानसँग सम्वन्ध राख्ने सूचकको‌को विकास गराउन सकेको देखिन्छ ।

(ग) विद्यालयमा नियमित तथा अतिरिक्त क्रियाकलापमा भाग लिन सक्ने क्षमताको विकास गर्न बा.वि.केन्द्र सफलताको सूचक भएको देखियो ।

(घ) बा.वि.केन्द्र संचालन पश्चात कक्षा एकको विद्यार्थी संख्यामा वृद्धि भएको देखिन्छ ।

(ङ) बालवालिकाहरुको कक्षा छाड्ने दर घटाउन बा.वि.केन्द्रले सकारात्मक भूमिका खेलेको देखिन्छ ।

(च) बा.वि.केन्द्रको नियमितरुपमा अनुगमन र मूल्याङ्कन गरेको देखिदैन ।

(छ) बा.वि.केन्द्रहरुमा बालवालिकाहरुको संख्या निर्देशिकाले उल्लेख गरे भन्दा ज्यादा देखिन्छ ।

(ज) अभिभावक, स्थानीय संघ सस्थाहरुले बा.वि.केन्द्रलाई कुनै पनि आर्थिक र भौतिक सहयोग उपलब्ध गराएको देखिदैन ।

(झ) बा.वि.केन्द्रहरुलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि सम्वन्धित पक्षले सरोकारवालाहरुलाई कुनै पनि चेतनामूलक कार्यक्रमहरु संचालन गरेको पाइएन ।

(ञ) बा.वि.केन्द्रहरुमा शैक्षिक सामग्रीहरु ज्यादै न्यून भएको जसका कारण प्रभावकारी तरिकाले अध्यापन गर्न नसकिएको देखिन्छ ।

(ट) बा.वि.केन्द्रमा आवाश्यक भौतिक पक्ष भवन, डेक्स वेन्च, कुर्सी, कार्पेट, पिरा, पिउने पानी, शौचालय, खेलमैदान आदि पक्षको अभाव देखिन्छ ।

(ठ) बा.वि.केन्द्रहरुमा बालवालिकाहरुको संख्याको तुलनामा स.का.अपुग देखिन्छ ।

(ड) स.का.हरुले तालिमको ज्यादै न्यून अवसर प्राप्त गरेको देखिन्छ ।

(ढ) स.का.हरु निर्देशिकाले उल्लेख गरे भन्दा लामो समय सम्म विद्यालयमा विताउनु पर्ने देखिन्छ ।

## ५.३ अध्ययनका सुझावहरु

बा.वि.केन्द्रका विबिध समस्याहरु रहदा रहदै पनि बा.वि.केन्द्रले केही मात्रामा भए पनि उपलब्धी हासिल गरेकै छ । अझ यसलाई प्रभावकारी रुपमा संचालन गर्नु आजको आवाश्यकता वनेको छ । खासगरी सहरी क्षेत्रमा आर्थिक रुपमा सम्पन्न ब्यक्तिहरुले बोर्डिङ स्कुलको उपयोग गरिरहदा गरीव र निमुखा वर्गहरुमा लक्षित गरी स्थापना गरिएका बा.वि.केन्द्रहरुलाई समाजका हरेक अभिभावक, ब्यवस्थापन समिति, राजनैतिक कार्यकर्ता,

समाजका वौद्धिक अगुवाहरु, नेपाल सरकार र दातृ सस्थाहरु समेतले एकआपसमा छलफल गरी यसलाई प्रभावकारी वनाउन सके भविष्यका कर्णधार मानिएका बालवालिकाहरुको समुन्नत विकास हुने पक्षलाई स्वीकार गर्नु पर्दछ ।

यस अध्ययनका आधारमा बा.वि.केन्द्रलाई अझ प्रभाकारी वनाउन निम्न अनुसारका सुझाव प्रस्तुत गरिन्छ :-

(क) बा.वि.केन्द्रको सकारात्मक संकेत वारेमा सम्वन्धित सरोकारवालाहरुलाई जानकारी गराउने

(ख) बा.वि.केन्द्रको संचालन पछिका वर्षहरुमा पछिल्ला कक्षाहरुमा देखिएको प्रभावको अभिलेख राख्ने ।

(ग) बा.वि.केन्द्रहरु विद्यार्थी संख्याको आधारमा थप गर्दै जानु पर्ने ।

(घ) बा.वि.केन्द्र स्थापना पूर्व र पश्चात समुदायमा प्रभाकारी सम्वन्ध वढाउनु पर्दछ ।

(ङ) बा.वि.केन्द्रलाई सहयोग गर्ने ब्यक्ति, सँघ सस्था तथा अभिभावकहरुलाई कदरपत्र र प्रशंशापत्र दिएर अरुलाई पनि केन्द्रपति आकर्षित गर्ने कार्य केन्द्रले गर्नु पर्दछ ।

(च) स.का.हरुलाई पुनर्ताजगी साथै पूर्णकालीन तालिमको ब्यवस्था गरी स्थानीय स्तरमा नै शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न उत्प्रेरित गर्नु पर्दछ ।

(छ) बालवालिकाहरुलाई बा.वि.केन्द्रहरुमा खाजाको ब्यवस्था गर्नु पर्दछ ।

(ज) स.का.हरुलाई अन्य विद्यालयको शिक्षक सरह पारिश्रमिकको ब्यवस्था गर्नु पर्दछ ।

(झ) सरकारले बा.वि.केन्द्रहरुलाई पनि प्रा.वि., नि.मा.वि. र मा.वि. सरह सरकारी लगानी गरी बा.वि.केन्द्रलाई अगाडि वढाउनु पर्दछ ।

(ञ) बा.वि.केन्द्रहरुमा खाली लगानी मात्र गरेर हुदैन निरन्तर अनुगमन र मूल्याङ्कन गरी उच्च ठहरिएका बा.वि.केन्द्रहरुलाई पुरस्कारको ब्यवस्था गर्नु पर्दछ ।

(ट) बा.वि.केन्द्रका बालवालिकाहरुलाई स्थानीय भाषाको माध्यमवाट अध्यापन गराउनु पर्दछ ।

(ठ) स.का.हरुले विविध क्रियाकलाप संचालन गर्दा खाली पाठ्यक्रमलाई मात्र ध्यान नदिई बालवालिकाहरुको रुचीलाई समेत ध्यान दिनु पर्दछ ।

(ड) बा.वि.केन्द्र संचालन गर्ने काम खाली सरकारको जिम्मामा मात्र नसोची स्थानीय संघ सस्था, धार्मिक प्रतिष्ठानहरुले पनि संचालन गर्नु पर्दछ ।

# सन्दर्भ सूची


CERID (2006),Journal of Early Childhood Development .Vol.III, Kathmandu: MOE

DOE (2063), School Level Education Statistics Nepal, (2063\2006-07), Kathmandu : DOE.

सर्मिला कार्की(२०६४), एजुकेशनल पेजेज, काठमाडौं : डिल्ली बजार ।

श्रेष्ठ, चन्द्रवहादुर र सम्झना बस्न्यात (२०६५), शिक्षाको परिचय, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, चन्द्रवहादुर र सम्झना बस्न्यात (२०६५), शैक्षणिक पद्धति, काठमाडौं : भूँडीपूराण प्रकाशन ।

कोइराला,डा.विद्यानाथ र चन्द्र व. श्रेष्ठ (२०६२), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६४),शैक्षिक अनुशन्धान पद्धति, काठमाडौं : सनलाईट पब्लिकेशन ।

खनाल, श्रीप्रसाद र नवराज मुडवरी (२०६३), शैक्षिक अनुशन्धान पद्धति,काठमाडौं :जूपिटर पब्लिशर्स ।

खनाल, भगवान (२०६१), इसिडि केन्द्र र समुदाय विचको सम्वन्धले बालवालिकाहरुको सिकाइमा पार्ने प्रभाव एक अध्ययन(अप्रकाशित एम.एड.शोध), महेन्द्ररत्न क्याम्पस, ताहाचल : पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

गौतम, नवराज (२०६३), प्रारम्भिक बालशिक्षा कार्यक्रमले सिकाइमा पारेको प्रभाव एक अध्ययन (अप्रकाशित एम.एड.शोध), महेन्द्ररत्न क्याम्पस, ताहाचल : पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

ढुङगाना, गगांराम (२०६३), बालविकास केन्द्र र यसको वर्तमान अवस्था एक अध्ययन ( अप्रकाशित एम.एड.शोध), काठमाडौं त्रि.वि.वि. पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

त्रिवर्षीय अन्तरिम योजना, २०६४/०६५–२०६६/०६७ (२०६४/०६५), काठमाडौं : अर्थमन्त्रालय ।

भण्डारी, मुकुन्दप्रसाद (२०६४), पूर्ववाल्यावस्था विकास, काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

मल्ल, कोमलबदन र अन्य (२०५४), प्रारम्भिक वाल्यावस्था विकास शिक्षण विधि, काठमाडौं : त्रि.वि. ।

वाग्ले, मनप्रसाद र उपेन्द्रकुमार कार्की, (२०५७), शिक्षाका आधारहरु काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वार्षिक वजेट,२०६५/०६६ (२०६५), काठमाडौं : अर्थमन्त्रालय ।

शर्मा, चिरञ्जिवी र निर्मला शर्मा, (२०६५), प्रारम्भिक वाल्य अवस्था विकासको सिद्धान्त/आधार, काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रीब्यूटर्स ।

शर्मा, चिरञ्जिवी र निर्मला शर्मा, (२०५४), पाठ्यक्रम तथा मूल्याङ्कन, काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रीब्यूटर्स ।

शर्मा, गोपिनाथ (२०६३) सं, नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शिक्षा मन्त्रालय (२०५९), दशौं  पञ्चवर्षीय योजना मस्यौदा, काठमाडौं : लेखक ।

शिक्षा विभाग (२०६२), प्रारम्भिक बालविकास दिग्दर्शन(पाठ्यक्रम), २०६२ भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६१), प्रारम्भिक बालविकास सम्वन्धी रणनीतिपत्र, २०६१, काठमाडौं : लेखक ।

शिक्षा ऐन,२०२८ (संशोधन, २०६३) र शिक्षा नियमावली,२०५९(तेस्रो संशोधन), काठमाडौ : पैरवी प्रकाशन ।

शिक्षा विभाग (२०६२), प्रारम्भिक बालविकास कार्यक्रम संचालन सम्वन्धी निर्देशिका ( २०६१),काठमाडौं : शिक्षा विभाग, नेपाल सरकार ।

# अनुसूची १

| क.स. | विवरण | बा.वि.केन्द्रवाट कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको औषत उपलब्धि | प्रतिशत | सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको औषत उपलब्धि | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उपस्थिति | ४२ | ८७।५ | २४ | ५० |
| २ | सरसफाइ | ४० | ८३।३ | २० | ४१।७ |
| ३ | पढाइमा ध्यान | ४१ | ८५।४ | १८ | ३७।५ |
| ४ | कक्षा कार्य | ४३ | ८९।६ | १९ | ३९।६ |
| ५ | गृह कार्य | ३८ | ७९।२ | २२ | ४५।६ |
| ६ | अनुसासन | ३० | ६२।५ | १५ | ३१।२ |
| ७ | अतिरिक्त क्रियाकलाप | ४७ | ९७।९ | १२ | २५ |
| ८ | शौचालयको प्रयोग | ४५ | ९३।८ | १४ | २९।२ |
| ९ | विद्यालयमा समायोजन | ४४ | ९१।७ | १२ | २५ |
| १० | सिकाइमा सहजता | ४६ | ९५।८ | १४ | २९।२ |
| ११ | शिक्षकसंगको सम्वन्ध | ४४ | ९१।७ | १५ | ३१।१ |
| १२ | व्यवहारको अवस्था | ३८ | ७९।२ | १२ | २५ |
| १३ | साथीसंगको सम्वन्ध | ४० | ८३।३ | २२ | ४५।८ |
| १४ | विषयगत उत्सुकता | ४२ | ८७।५ | २२ | ४१।६ |
| १५ | शैक्षिक उपलब्धि | ४२ | ८७।५ | २५ | ५२।१ |
| १६ | कक्षा छाड्ने दर | १७ | ३५।४ | ४६ | ९५।८ |

स्रोत :-स्थलगत अध्ययन २०६५

# अनुसुची २

| क.स. | विवरण | बा.वि.केन्द्रवाट कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको औषत उपलब्धि | प्रतिशत | सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको औषत उपलब्धि | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उपस्थिति | ४२ | ८७।५ | २४ | ५० |
| २ | सरसफाई | ४० | ८३।३ | २० | ४१।७ |
| ३ | पढाईमा ध्यान | ४१ | ८५।४ | १८ | ३७।५ |
| ४ | कक्षा कार्य | ४३ | ८९।६ | १९ | ३९।६ |
| ५ | गृह कार्य | ३८ | ७९।२ | २२ | ४५।६ |
| ६ | अनुसासन | ३० | ६२।५ | १५ | ३१।२ |
| ७ | अतिसिक्त क्रियाकलाव | ४७ | ९७।९ | १२ | २५ |
| ८ | शौचालयको प्रयोग | ४५ | ९३।८ | १४ | २९।२ |
| ९ | विद्यालयमा समायोजन | ४४ | ९१।७ | १२ | २५ |
| १० | सिकाईमा सहजता | ४६ | ९५।८ | १४ | २९।२ |
| ११ | शिक्षक संगको सम्वन्ध | ४४ | ९१।७ | १५ | ३१।१ |
| १२ | ब्यवहारको अवस्था | ३८ | ७९।२ | १२ | २५ |
| १३ | साथी संगको सम्वन्ध | ४० | ८३।३ | २२ | ४५।८ |
| १४ | विषयगत उत्सुकता | ४२ | ८७।५ | २२ | ४१।६ |
| १५ | शैक्षिक उपलब्धि | ४२ | ८७।५ | २५ | ५२।१ |
| १६ | कक्षा छाड्ने दर | १७ | ३५।४ | ४६ | ९५।८ |

स्रोत :-स्थलगत अध्ययन २०६५

## वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव
## अनुसूची ४

**बालविकास अध्ययन पश्चात कक्षा एकका बालवालिकाको अभिभावकको लागि प्रश्नावली ।**

**केन्द्रको नाम/विद्यालयको नाम :-**

**अभिभावकको नाम:-**

१. **तपाईको बालवालिकाले कति समय बालविकास केन्द्रमा अध्ययन गरे ?**
   क) १ वर्ष  ख) ६ महिना  ग) २ वर्ष  घ) ४ महिना

२. **बालविकास केन्द्रको कारण बालवालिकाहरुमा कस्तो परिवर्तन पाउनु भएको छ ?**
   ……………………………………
   ……………………………………
   ……………………………………

३. **तपाईको वालक विद्यालय जान उत्सुक छ/छैन ?**

४. **के बालविकास केन्द्रमा पठाए पश्चात विद्यार्थी घरमा अध्ययन गर्छ ?**
   ……………………………………
   ……………………………………

५. **बालवालिकाको विद्यालयप्रतिको धारणा सकारात्मक पाउनु भएको छ /छैन ?**
   छ भने के के ? …………………………………………………………
   …………………………………………………………

६. **बालवालिका दैनिक विद्यालय जान इच्छुक छ/छैन ?**

७. **बालवालिकाहरुमा बालविकास केन्द्रमा अध्ययन गरे पश्चात देखिएका परिवर्तहरु :-**
   गृहकार्य गर्छ/गर्दैन
   व्यवहारमा परिवर्तन भएको छ/छैन
   घरमा अध्ययन गर्छ/गर्दैन
   समयमा विद्यालय जान्छ/जादैन
   बालवालिकाहरु अनुशासित छन/छैनन्
   बालवालिकाहरु दैनिक विद्यालय जान्छन्/जादैनन्

८. **बालविकास केन्द्रमा के कस्ता समस्याहरु देख्नु भएको छ ?**
   ………………………………………………
   ………………………………………………
   ………………………………………………

९. **बालविकास केन्द्रका लागि तपाईका सुझावहरु के के छन ?**
   ………………………………………………
   ………………………………………………

………………………………………………

१०. वर्तमान अवस्थामा बालविकास केन्द्रको आवाश्यकता छ/छैन् ?

वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव

अनुसूची ५

## स्रोत ब्यक्ति/विद्यालय निरीक्षकको लागि प्रश्नावली

स्रोत ब्यक्ति/वि.नि.को नाम :– ………………………………………………

स्रोतकेन्द्रको नाम :– ……………………………………………………

१. नेपालमा बालविकास कार्यक्रम कहिले देखि लागू भएको हो ?

……………………………………………………

२. तपाईको क्षेत्रमा/स्रोतकेन्द्रमा कहिलेदेखि बालविकास केन्द्र संचालन भएको हो ? कति संख्यामा छन ?

……………………………………………………

३. हाल यस क्षेत्रमा /स्रोत केन्द्रमा कति बालवालिकाहरु बालविकास केन्द्रमा अध्ययनरत छन् ?

……………………………………………………………………

४. बालविकास केन्द्र स्थापनाको मुख्य कारण के के हुन ?

………………………………………………

………………………………………………

………………………………………………

५. बालविकास केन्द्र खोल्ने न्यूनतम आधार के के हुन ?

…………………………………………

…………………………………………

…………………………………………

६. बालविकास केन्द्रको कारण कक्षा एकको विद्यार्थी भर्नामा फरक परेको छ/छैन् ?

७. बालविकास केन्द्रको कारण कक्षा एकको कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दरमा कमी भएको छ /छैन् ?

छ भने कति ? ………………………

छैन भने किन ? ………………………

८. बालविकास केन्द्रको निरीक्षण र मूल्याङ्कन कति समयमा गर्नुहुन्छ ?

……………………………………………………

९. वर्तमान अवस्थामा बालविकास केन्द्रका समस्याहरु के के देख्नु भएको छ ?

………………………………………………

………………………………………………

………………………………………………

**१०. तपाईले उक्त समस्या समाधानार्थ के कस्तो योजना वनाउनु भएको छ ?**

..............................................................

**वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव**

**अनुसूची ६**

## कक्षा एकको शिक्षकको लागि तयार पारिएको प्रश्नावली

**विद्यालयको नाम :-** ..........................................

**शिक्षकको नाम :-**

**१. बालविकास केन्द्रवाट कति प्रतिशत बालवालिकाहरु कक्षा एकमा आएका छन् ?**

क) २५%  ख) ५०%  ग) ७५%  घ) १००%

**२. बालविकास केन्द्रको कारणले कक्षा एकको भर्नामा वृद्धि भएको छ/छैन ?**

छ भने कति प्रतिशतले .................................

**३. बालविकास केन्द्रवाट आएका बालवालिकाहरुको दैनिक उपस्थिति मासिक कति प्रतिशत रहेको छ ?**

क) मासिक२५%  ख) मासिक५०%  ग) मासिक ७५%  घ)मासिक१००%

**४. बालविकास केन्द्रको कारणले कक्षा एकको सिकाइ उपलब्धी दरमा वृद्धि भएको छ/छैन ?**

छभने कति प्रतिशतले .......................................

**५. बालविकास केन्द्रवाट कक्षा एकमा आएका बालवालिकाहरुको निम्न पक्षको अवस्था कस्तो रहेको छ ?**

| क.स. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न |
| क | कक्षाको वातावरणमा समायोजन | | | | |
| ख | सिकाइमा सहजता | | | | |
| ग | दैनिक उपस्थिति | | | | |
| घ | सरसफाई | | | | |
| ङ | अनुशासन | | | | |
| च | पढाइमा रुचि | | | | |
| छ | अध्ययनमा लगनशिलता | | | | |
| ज | कक्षा कार्य | | | | |
| झ | गृहकार्य | | | | |
| ञ | अतिरिक्त क्रियाकलाप | | | | |
| ट | शिक्षकसँगको सम्वन्ध | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ठ | साथीसँगको सम्वन्ध | | | | |
| ड | अन्य | | | | |

६. वर्तमान अवस्थामा बालविकास केन्द्रमा के कस्था समस्याहरु देख्नु भएको छ ?

.............................................................................

.............................................................................

.............................................................................

७. बालविकास केन्द्रलाई अझ विकास गर्नको लागि तपाईका सुझावहरु के के छन् ?

.................................................................................

## वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव
## अनुसूची ७

### बालविकास केन्द्र संचालन भएको विद्यालयका प्रधानाध्यापकको लागि अन्तवार्ता निर्देशिका

विद्यालयको नाम :- .........................................................................

प्रधानाध्यापकको नाम :- ...............................................................

ठेगाना :- ..........................................................................................

१. तपाईको विद्यालयमा कहिलेदेखि बालविकास केन्द्र संचालन भएको हो ?

...............................................................................

२. बालविकास केन्द्र स्थापना हुनाको कारणहरु के के हुन ?

.....................................................................

.....................................................................

......................................................................

३. हाल बालविकास केन्द्रमा कति विद्यार्थीहरु अध्ययनरत छन् ?

...............................................................

४. बालविकास केन्द्रमा बालवालिकाहरु कति प्रतिशत उपस्थित हुन्छन् ?

..........................................................................

५. बालकक्षा सम्वन्धी निरीक्षण कहिले कहिले गर्नुहुन्छ ?

.............................................................

६. बालविकास केन्द्रवाट कति प्रतिशत बालवालिकाहरु कक्षा एकमा आएका छन् ?

...............................................................................

७. बालविकास केन्द्रको कारणले कक्षा एकको भर्नामा फरक परेको छ/छैन ?
छ भने कति प्रतिशत ? ............................................

८. बालविकास केन्द्रको कारणले कक्षा एकको शैक्षिक उपलब्धीमा फरक परेको छ/छैन ?
छ भने के के ? ....................................................................................

९. बालविकास केन्द्रवाट कक्षा एकमा आएका विद्यार्थीहरुलाई कक्षा एकको वातावरणमा सहजता

**मिलेको छ/छैन ?**

छ भने कस्तो ? ....................................................

**१०. वर्तमान अवस्थामा बालविकास केन्द्रमा के कस्ता समस्याहरु रहेका छन् ?**

..........................................................................

..........................................................................

..........................................................................

**११. समस्या सामाधानका लागि के के गर्नु पर्दछ ?**

..........................................................

..........................................................

**वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव**

**अनुसूची ८**

## बालविकास केन्द्रवाट कक्षा एकमा आएका बालवालिकाहरुको लागि अवलोकन फारम

**विद्यालयको नाम :-** ..........................................................................

**विद्यार्थीको नाम :-** ..........................................................................

| क.स. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न |
| १ | उपस्थिति | | | | |
| २ | नियमितता | | | | |
| ३ | सरसर्फा | | | | |
| ४ | पढाइमा ध्यान | | | | |
| ५ | कक्षाकार्य | | | | |
| ६ | गृहकार्य | | | | |
| ७ | अनुशासन | | | | |
| ८ | अतिरिक्त क्रियाकलाप | | | | |
| ९ | शौचालयको प्रयोग | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | विद्यालयमा समायोजन | | | | |
| ११ | सिकाइमा सहजता | | | | |
| १२ | शिक्षकसंगको सम्वन्ध | | | | |
| १३ | ब्यवहारको अवस्था | | | | |
| १४ | साथीसँगको सम्वन्ध | | | | |
| १५ | विषयगत उत्सुकता | | | | |
| १६ | शैक्षिक उपलब्धी | | | | |
| १७ | कक्षा छाड्ने दर | | | | |
| १८ | अन्य | | | | |
| | | | | | |

## वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव
## अनुसूची ९

# सिधै कक्षा एकमा आएका बालवालिकाहरुको लागि अवलोकन फारम

**विद्यालयको नाम :-** ....................................................................

**विद्यार्थीको नाम :-** .......................................................................

| क.स. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न |
| १ | उपस्थिति | | | | |
| २ | नियमितता | | | | |
| ३ | सरसफाई | | | | |
| ४ | पढाइमा ध्यान | | | | |
| ५ | कक्षाकार्य | | | | |
| ६ | गृहकार्य | | | | |
| ७ | अनुशासन | | | | |
| ८ | अतिरिक्त क्रियाकलाप | | | | |
| ९ | शौचालयको प्रयोग | | | | |
| १० | विद्यालयमा समायोजन | | | | |
| ११ | सिकाइमा सहजता | | | | |
| १२ | शिक्षकसंगको सम्वन्ध | | | | |
| १३ | व्यवहारको अवस्था | | | | |
| १४ | साथीसँगको सम्वन्ध | | | | |
| १५ | विषयगत उत्सुकता | | | | |
| १६ | शैक्षिक उपलब्धी | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | कक्षा छाड्ने दर | | | | |
| १८ | अन्य | | | | |

## वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव
## अनुसूची १०

## सहयोगी कार्यकर्ताको लागि तयार पारिएको प्रश्नावली

**केन्द्रको नाम :-** ...........................................................

**सहयोगी कार्यकर्ताको नाम :-** .......................................................

**योग्यता :-**

**१. बालविकास कार्यक्रम कस्तो कार्यक्रम हो ?**

..............................................................

..............................................................

**२. तपाईको बालविकास केन्द्र कहिलेदेखि सुरुवात भएको हो ?**

................................................................

**३. तपाई यस बालविकास केन्द्रमा कहिलेदेखि कार्यरत हुनुहुन्छ ?**

....................................................................

**४. यहाँ कुन कुन अवस्थाका बालवालिकाहरु सहभागी हुने गरेका छन् ?**

उमेर :-.............................................

जातजाति :- .....................................

आर्थिक अवस्था :- ................................

भौगोलिक अवस्था :- ................................

**५. हाल यस बालविकास केन्द्रमा कति बालवालिकाहरु अध्ययनरत छन् ?**

....................................................................

**६. बालवालिकाहरुको दैनिक उपस्थिति दर कति छ ?**

१००% ७५% ५०% २५%

**७. बालविकास केन्द्र कति समयसम्म संचालन गर्नु हुन्छ ?**

..................देखि ....................सम्म

८. **बालवालिकाहरु बालविकास केन्द्रमा को को सँग आउने गर्दछन् ?**

आमा/वावु  एक्लै  साथीसँग  दिदी/दाजु

को सँग सवभन्दा वढी ? .................................

**९ तपाईको बालविकास केन्द्रमा भएको सशैक्षिक सामग्रीको उपलब्धता :–**

| क.स. | सामाग्री | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| १ | पाठ्क्रम | | | |
| २ | निर्देशिका | | | |
| ३ | सहयोगी पुस्तिका | | | |
| ४ | खेल सामग्री | | | |
| ५ | कालोपाटी | | | |
| ६ | कथा/कविता पुस्तक | | | |
| ७ | चित्रहरु | | | |
| ८ | श्रव्य-दृष्य सामग्री | | | |
| ९ | कलर पेन्सिल | | | |
| १० | विभिन्न शैक्षिक चार्ट | | | |
| ११ | अन्य | | | |

१०.

**बालविकास केन्द्रमा भएको भौतिक सामग्रीको उपलब्धता :-**

| क.स. | विवरण | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| १ | कक्षा कोठा | | | |
| २ | खाने पानी | | | |
| ३ | शौचालय | | | |
| ४ | खेलमैदान | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | डेक्स,वेन्च | | | |
| ६ | गुन्द्री, पिरा, कार्पेट | | | |
| ७ | अन्य | | | |

**११. बालविकास केन्द्रलाई को को वाट सहयोग मिलेको छ ?**

| क.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १ | जिल्ला शिक्षा कार्यालय | | |
| २ | सम्वन्धित विद्यालय | | |
| ३ | गा.वि.स. / न.पा | | |
| ४ | सरकारी संघ संस्था | | |
| ५ | गैर सरकारी संघ सस्था | | |
| ६ | अन्य | | |

**१२. अध्ययन समयलाई अतिरिक्ति क्रियाकलापको लागि विभाजन गर्नुभएको छ/छैन ?**

छ भने कति समय ..............................

छैन भने किन ....................................

**१३. बालविकास सम्वन्धी कुन कुन तालिम कति पटक लिनु भएको छ ?**

.........................................................

..........................................................

............................................................

**१४. बालविाकास केन्द्रवाट कति प्रतिशत बालवालिकाहरु उत्तीर्ण हुन्छन् ?**

१००%　　७५%　　५०%　　२५%

**१५. बालविकास केन्द्रप्रति अभिभावकको धारणा कस्तो पाउनु भएको छ ?**

........................................................

...........................................................

...........................................................

**१६. वर्तमान अवस्थामा बालविकास केन्द्रमा के कस्ता समस्याहरु रहेका छन् ?**

.....................................................................
.....................................................................
.....................................................................

१७. बालविकास केन्द्रलाई अझ विकास गर्न तपाईको सुझावहरु के के छन् ?

.....................................................................
.....................................................................

१८. बालविकास केन्द्रमा काम गरेवापत तपाई सन्तुष्ट हुनुहुन्छ ?

.....................................................................
.....................................................................

१९. बालविकास केन्द्रमा काम गर्दा तपाईका ब्यक्तिगत समस्याहरु के के छन् ?

.....................................................................
.....................................................................
.....................................................................

## वालविकास केन्द्रले शिक्षण सिकाईमा पारेको प्रभाव
## अनुसूची ११

# बालविकास केन्द्रको अवलोकन फारम

**बालविकास केन्द्रको नाम :-** ........................................

**ठेगाना :-** ..............................................................

| क.स. | विवरण | अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | निम्न | कैफियत |
| १ | **भौतिक पक्ष** | | | | | |
| | भवन | | | | | |
| | गुन्द्री, पिरा,कार्पेट | | | | | |
| | शौचालय | | | | | |
| | खेलमैदान | | | | | |
| | खानेपानी | | | | | |
| | वातावरण सरसफाई | | | | | |
| | खाजाको व्यवस्था | | | | | |
| २ | **शैक्षिक पक्ष** | | | | | |
| | शिक्षण विधि | | | | | |
| | बालकको हेरचाह | | | | | |
| | खेलविधिको प्रयोग | | | | | |
| | पुरस्कारको व्यवस्था | | | | | |
| | मनोरञ्जन | | | | | |
| | वालगीत, वालकथा | | | | | |
| | चित्र, चार्टको प्रयोग | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कलर पेन्सिल<br><br><br>**आर्थिक पक्ष**<br>चन्दा<br>अनुदान<br>विद्यालयको आम्दानी<br>शुल्क<br>अन्य | | | | | |
| ३ | | | | | | |
| | | | | | | |

अनुसुची १२

## बालविकास केन्द्र/विद्यालय व्यवस्थापन समितिका अध्यक्षके लागि अन्तरवार्ता निर्देशिका

**केन्द्रको नाम/विद्यालयको नाम :-** ........................................................

**अध्यक्षको नाम :-** ...........................................................................

१. **तपाईको विद्यालयमा बालविकास केन्द्र कहिलेदेखि संचालन भयो ?**

........................................................

२. **बालविकास केन्द्रको निम्नानुसार भौतिक पक्षको अवस्था कस्तो छ ?**

| भौतिक पक्ष | सहयोगी संस्था | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| भवन<br>फर्निचर<br>खेलमैदान<br>शौचालय<br>अन्य | | | | |

३. **कक्षा संचालन सम्वन्धी निरीक्षण कहिले कहिले गर्नु हुन्छ ?**

दैनिक साप्ताहिक मासिक अर्धवार्षिक

४. **निरीक्षण नियमित नहुनाको कारणहरु के के हुन् ?**

..............................................

..............................................

..............................................

५. **बालविकास केन्द्रलाई विद्यालयले के के सहयोग गरेको छ ?**

..................................................

..................................................

.....................................................

६. बालविकास केन्द्रमा अभिभावकहरुलाई सहभागी गराउनु भएको छ/छैन ?

७. तपाईको विद्यालयमा बालविकास संचालन भए पश्चात कक्षा एकको विद्यार्थी भर्नामा वृदि भएको छ/छैन ?

८. बालविकास केन्द्रको कारण कक्षा एकको शैक्षिक उपलब्धीमा वृद्धि भएको छ/छैन ?

९. वर्तमान अवस्थामा बालविकास केन्द्रमा के कस्ता समस्याहरु देख्नु भएको छ ?

......................................................................
......................................................................
......................................................................

१०. बालविकास केन्द्रमा देखिएका समस्या समाधान गर्न कसकसले के के कार्य गर्नु पर्दछ ?

| संस्था वा ब्यक्ति | कार्यहरु |
|---|---|
| विद्यालय व्यवस्थापन समिती | |
| सहयोगी कार्यकर्ता | |
| अभिभावक | |
| संघ संस्था | |
| जिल्ला शिक्षा कार्यालय | |
| गा.वि.स./न.पा. | |
| अन्य | |

# अनुसूची २

बा.वि. संचालन अगाडिका वर्षहरु र बा.वि. संचालन पछाडिका वर्षहरुमा विद्यार्थीको अवस्था :-

| क. स | विद्यालयको नाम | बा.वि.केन्द्र संचालनका अगाडिका तीन वर्षहरु | | | | | | | | | | | बा.[illegible] | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६१ साल | | | २०६२ साल | | | | २०६३ साल | | | | २०६४ साल | | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | वृदि % | छात्र | छात्रा | जम्मा | वृदि % | छात्र | छात्रा | जम्मा | छ[illegible] |
| १ | श्री जनता नि.मा.वि.इन्द्रपुर | २० | २२ | ४२ | २४ | २४ | ४८ | १४।२ | २० | ३२ | ५२ | ८ | २२ | ३० | ५२ | [illegible] |
| २ | श्री सूर्यज्योति प्रा.वि. हरैचा | २५ | ३१ | ५६ | २८ | २२ | ५० | ((( | २८ | २७ | ५५ | १० | ३० | २६ | ५६ | [illegible] |
| ३ | श्री पञ्चज्योति नि.मा.वि.वेलवार ी | २० | ३२ | ५२ | २५ | २५ | ५० | ((( | २८ | २२ | ५० | ((( | ३१ | २२ | ५१ | [illegible] |
| ४ | श्री जनता नि.मा.वि.दुलारी | २८ | १६ | ४४ | ३२ | २१ | ५१ | १६ | ३१ | २४ | ५५ | ७८ | २२ | २५ | ४७ | [illegible] |
| ५ | श्री हरीदेव प्रा.वि सुन्दरपुर | १८ | २२ | ४० | २३ | २५ | ४८ | २० | २८ | २१ | ४९ | २।१ | २५ | २७ | ५२ | [illegible] |
| ६ | श्री सरस्वती प्रा.वि.मृगौलिया | ३२ | २७ | ५९ | ३० | २९ | ५९ | ((( | २७ | ३५ | ६२ | ५ | २५ | ३० | ५५ | [illegible] |

स्रोत : Flash I

## अनुसूची ३

**नमुना छनौटमा परेका बा.वि. केन्द्रहरु, स.का. अध्यक्ष, प्र.अ., शिक्षक, अभिभावक, बालवालिकाहरु**

जिल्ला :- मोरङ इन्द्रपुर स्रोत केन्द्र
(Cluster No-7)

| **क.स** | **बा.वि.केन्द्र** | **स.का.** | **अध्यक्ष** | **प्र.अ.** | **शिक्षक** | **अभिभावक** |
|---|---|---|---|---|---|---|
| १ | श्री जनता नि.मा.वि.बा.वि.के. इन्द्रपुर | हरी कुमारी श्रेष्ठ | राजकुमार कार्की | कृष्णप्रसाद गुरागाँइ | मुना फुयाँल | मदन दनुवार रामजी पौडेल |
| २ | श्री सुर्यज्योति प्रा.वि.बा.वि.के. हरैचा | तुलशा खड्का | भमलाल चौधरी | राजेश श्रेष्ठ | दिनेश आचार्य | रामलाल चौधरी गुणराज अधिकारी |
| ३ | श्री पञ्चज्योती प्रा.वि. बा.वि.के. वेलवारी | कल्पना पोखल | देवराज घिमिरे | जितेन्द्र थापा | गुणराज सुवेदी | देउलक्ष्मी राई दिना तामाङ |
| ४ | श्री जनता नि.मा.वि.बा.वि.के. दुलारी | भिमाकुमारी पौडेल | तोर्ण व. कार्की | गणेश प्रसाद ढुङगाना | छवीलाल चौलागाँइ | शुशिला दाहाल सोमना उराव |
| ५ | श्री हरीदेव पा.वि.बा.वि.के. सुन्दरपुर | नारायणी भण्डारी | गगांप्रसाद घिमिरे | नरेश सुवेदी | सिता दाहाल | रुद्र ब. राई मोहन गुरुङ |
| ६ | श्री सरस्वती प्रा.वि.बा.वि.के. मृगौलिया | उर्मिला चोधरी | कलकत्तु माझी | भूनेश्वर शाह | आशा भण्डारी | हशंलाल विश्वास कृष्ण माझी |